# परिच्छेद : एक

## परिचय

### १.१. अध्ययनको पृष्ठभुमि

मानव जातिको विकास सँग-सँगै जानेर या नजानेर शिक्षाको पनि विकास भइरहेको पाइन्छ । आफुले जानेका ज्ञान, सिप, क्षमता र व्यवहारिक कुराहरु कुनै न कुनै रुपमा अरुलाई सिकाँउदै जाने क्रममा शिक्षाको विकास आजको विज्ञान र प्रविधिको युग सम्म आएको देखिन्छ । मानव सम्यताको विकासको प्रमुख आधार शिक्षा हो । शिक्षा सधैं विकसित भइरहने प्रकृया हो, यो कहिले पनि अन्त्य हुदैन । किनकी शिक्षा नै जीवन हो, जीवन नै विकास हो र विकास नै शिक्षा हो । शिक्षाले चेतनालाई सुषुप्त अवस्थाबाट जागृत अवस्थामा पुऱ्याएको हुन्छ । शिक्षाले नै सोचाइलाई परिस्कृत गर्दछ र मानिसको उत्पादनशीलता र सिर्जनशीलतामा वृद्धि गराउन संभव छ भन्ने तथ्य पनि सर्व विदितै छ । तसर्थ शिक्षालाई आज मानिसको आधारभुत आवश्यकताको रुपमा स्विकार गरी सकिएको छ ।

मानिसलाई समय सापेक्ष व्यवहार गर्न र परिस्थिति अनुसार समायोजन हुन शिक्षाले नै महत्वपूर्ण भुमिका खेलेको हुन्छ । मानिसमा अन्तनिर्हित क्षमतालाई प्रस्फुटित गराउने, नैतिक, चरित्रवान र अनुशासित बनाउने साधन शिक्षा नै हो । पढ्नु, जान्नु, सिक्नु, साक्षर हुनु आदि शब्दहरु शिक्षाका पर्यायवाची शब्द हुन् । सारंशमा भन्ने हो भने मानिसमा भएको सम्पूर्णताको पहिचान नै शिक्षा हो । मानिसको सर्वाङ्गिण विकास गराउने साधन नै शिक्षा हो ।

शिक्षाको आधुनिक परिमार्जित स्वरुप औपचारिक शिक्षा हो जसलाई नियमित शिक्षा पनि भनिन्छ । जसमा निश्चित उद्देश्यहरुको निर्धारण गरी निश्चित पाठ्यक्रम, पाठ्यवस्तु, समय, शिक्षण विधि र मूल्याङ्कनको समेत व्यवस्था गरिएको हुन्छ । एउटा निश्चित संरचनाको औपचारिक शिक्षा बिद्यालयबाट सुरु भई विश्वविद्यालय सम्म रहेको हुन्छ । जहाँ विद्यालय भवनहरु हुन्छन्, घोषित र अघोषित, देखिने र नदेखिने पाठ्यक्रम तथा पाठ्यवस्तुहरु हुन्छन् ।

औपचारिक शिक्षाको ठीक विपरित सामान्यतया विद्यालय वा विश्वविद्यालयहरुको औपचारिक संरचना वाहिर दिइने शिक्षाको स्वरुपलाई अनौपचारिक शिक्षा भनिन्छ । औपचारिक शिक्षाले पूरा गर्न नसकेका कतिपय कुराहरु पूरा गर्ने माध्यमको रुपमा

अनौपचारिक शिक्षालाई लिइन्छ । शिक्षाशास्त्री Paulo Friere (1970) का अनुसार "कुनै पूर्व निर्धारित वा पहिले नै निश्चित गरिएको पाठ्यक्रमबाट केही पनि नजान्ने ठानिएका विद्यार्थीहरुलाई अरुको वासी पुराण घोकाउने प्रकृया औपचारिक शिक्षा हो भने त्यसको ठीक विपरित सिकारुको सुषुप्त प्रतिभाको कदर गरी उनीहरुकै इच्छा र आवश्यकता अनुरुप आपसमा सिक्ने र सिकाउने प्रकृया अनौपचारिक शिक्षा हो ।" अनौपचारिक शिक्षा त्यस्तो शिक्षा हो जसले औपचारिक शिक्षा लिन नपाएकालाई बैकल्पिक शैक्षिक मार्ग प्रदान गर्दछ (शर्मा एण्ड शर्मा, २०५३) ।

**नेपालमा अनौपचारिक शिक्षाको विकास**

न्यून साक्षरता प्रतिशत रहेको नेपालमा अनौपचारिक शिक्षाको शुरुवातको इतिहास धेरै लामो छैन । नेपालमा अनौपचारिक शिक्षाको थालनी वि.सं. २००८ सालदेखि भएता पनि वि.सं. २०१० मा नेपालले युनेस्कोको सदस्यता प्राप्त गरे पछि सोही वर्ष शिक्षा बोर्डको स्थापना भएको देखिन्छ । वि.सं. २००७ साल पछि नेपालको शिक्षामा विशेष प्रगती हुँदै आएता पनि अनौपचारिक प्रौढ शिक्षाको इतिहास भने वि.सं. २०१३ साल पौष महिना देखि मात्र भएको देखिन्छ । "संस्थागत वा संगठित दृष्टिकोणले हेर्दा प्रौढ शिक्षा सन् १९५० देखि नेपालमा अटूट रुपमा सञ्चालन हुँदै आएको छ । सन् १९४० को दशकमा डा. फ्र्याङ्क लाउब्याकको विधि संसार प्रसिद्ध भयो । यसै सन्दर्भमा उनी सन् १९५१ म नेपाल आएर आफ्ना केही सहयोगीको मद्धतबाट साक्षर गराउने दिशामा एउटा परिवर्तनकारी प्रवर्तनमुखी कार्यक्रमको सुरुवात गरे । उनले ६ महिना नेपाल बसेर सामाग्री निर्माण पनि गरेका थिए" (रेग्मी, २०६५) ।

अनौपचारिक प्रौढ शिक्षाको लागि कक्षा कोठाको व्यवस्था गर्ने, पुस्तक, मट्टितेल दिने कार्य जनसमुदायबाटै हुने गर्दथ्यो । कक्षामा २५ देखि ३० जना सम्म प्रौढ सहभागीहरु रहन्थे । वि.सं. २०१३ देखि २०२० साल सम्म प्रौढ साक्षरताका लागि केन्द्र विस्तार गर्ने, ३ महिनाको कार्यक्रमलाई ६ महिनाको अवधि भित्र सम्पन्न गर्ने र उर्तीण हुने प्रौढहरुलाई प्रमाणपत्र दिने कार्यहरु समेत भएको थियो ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले प्रौढ शिक्षालाई साक्षरता कार्यक्रम र कार्यमूलक प्रौढ शिक्षा कार्यक्रम गरी दुई भागमा विभाजन गरेको थियो । "१९७० (वि.सं. २०२८) को दशकको सुरुवातमा त्रिभुवन विश्वविद्यालयको शिक्षा विकास अनुसन्धान

तथा प्रवतन केन्द्र (सेरिड) ले नेपाली विशेषज्ञहरुको एउटा टोलीको सहयोगमा मिल्दा जुल्दा बनोट भएका अक्षरका आधारमा साक्षरता (Similar Letters Approach) को एउटा विशुद्ध स्वदेशी साक्षरता विधिको अन्वेषण गऱ्यो (रेग्मी, २०६५) । यसै क्रममा अनौपचारिक प्रौढ शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तकहरु निर्माण भए जो शिक्षाविद पाउलो फेरेको Key word approach मा आधारित थिए । अनौपचारिक प्रौढ शिक्षाको लागि तयार पारिएको पहिलो पाठ्यपुस्तकको नाम “नयाँ गोरेटो” राखिएको थियो । जुन पछिल्लो समयमा पनि सोही नामले प्रसिद्ध र प्रचलित रहि आएको पाइन्छ । जसले साक्षरता र सामाजिक चेतनाकरणलाई सँगसँगै लगेकाले निकै उपयोगी साबित भयो ।

**महिला शिक्षाको विकास**

मानव समाजको विकास नारी र पुरुष दुवैको समान सहभागीताबाट भएको हो । सृष्टिकाल देखि नै नारीहरुको स्थान मातृत्वको रुपमा पूजनीय रहेको पाइन्छ तर पनि वर्तमान हाम्रो पितृसत्तात्मक समाजमा छोरो पाउँदा सम्मान र छोरी पाउँदा अपमान व्यहोर्नु पर्ने स्थितिले गाँजीरहेको छ । प्रारम्भिक समयमा नारीहरु प्रति यस्तो स्थिति थिएन । नारी र पुरुषबीच आपसी विश्वास र सहयोगी एवं वंश प्रेम थियो । स्नेह, ममता, वात्सल्य र शिष्टाचारको प्रथम शिक्षिका आमा हुन्थिन् ।

शिक्षाको पहिलो पाठशाला घर हो । तसर्थ पनि बालकको प्रथम शिक्षिका भनेको आमा नै हुन् । सामाजिक, आर्थिक एवं व्यवहारिक आचरणको शिक्षा दिने काम महिलाले नै सुरुवात गर्दछन् । जंग व. राणा प्रधानमन्त्री भएको बेला वेलायत भ्रमण गरेर फर्केपछि दरवारमा नै नानी मैँया सुसारेहरुलाई विशेष कामको तालिम दिने र वीर शमसेरले छात्राहरुको लागि अलग्गै पाठशालाको व्यवस्था गरेको इतिहास पाइन्छ ।

भारतको स्वतन्त्रता आन्दोलनका अग्रणी नेता महात्मा गान्धीले भारतको निमित्त उपयुक्त ठहऱ्याएको आधार शिक्षा वि.सं. २००४ साल देखि नेपालमा लागू भयो । प्रचलित कानूनले मान्यता दिई आएको जातीपाती प्रथा कायमै रहेता पनि दरबार स्कूलमा कथित छोइछिटो हाल्नुपर्ने जात जस्तैः- दमाइ, कामी, सार्की, पोडेलाई समेत पढाउन चन्द्र शमशेरले एक जना कपाली शिक्षक नियूक्त गराएका थिए । वि.सं. २००३ सालमा चन्द्रकान्ता मल्लले व्यक्तिगत घरमा कन्या स्कूल खोली नारी शिक्षाको सुरुवात गरेकी थिइन । वि.सं. २००५ सालमा स्थापित

पहिलो पूर्व प्राथमिक स्कूल मन्टेश्वरी स्कूलमा पढाउन भारतबाट एकजना महिला शिक्षक श्रीमती मोहनीदेवी माम्रालाई झिकाइएको थियो । यसै क्रममा प्रौढ कक्षा चलाउने, वालविवाह रोक्न दवाव दिने, वहुविवाहलाई निषेध गर्ने, नारी शिक्षालाई सुविधा पुऱ्याउने जस्ता काम भए ।

वि.सं. २०२० सालको मुलुकी ऐनले परम्परा देखि रहेका महिला सम्बन्धी असमान कानूनमा परिवर्तन गरी औपचारिक र अनौपचारिक शिक्षाको माध्यमबाट महिलाहरुमा चेतना फैलाउने कार्य र विकास निर्माण कार्यमा सहयोग पुऱ्याउने प्रयास गऱ्यो । वि.सं. २०३६ सालको जनमत संग्रह र वि.सं. २०४६ सालको जन आन्दोलनसम्म आइपुग्न नेपाली महिलाहरुलाई अनौपचारिक शिक्षा कार्यक्रमले ठूलो सहयोग गरेको देखिन्छ । यसै क्रममा राष्ट्रिय महिला आयोग बनाइयो, केही कानूनी सुधारका प्रयासहरु भए, नीति योजना तथा कार्यक्रममा लैङ्गिक संवेदनशीलता विचार गर्ने प्रयासहरु पनि भए ।

नेपालमा औपचारिक शिक्षाको पूरकको रुपमा अनौपचारिक शिक्षालाई लिइएको देखिन्छ । देशको समग्र विकासलाई चुस्त, स्फूर्त एवं तीब्र बनाउन वि.सं. २०१३ साल देखि हाल सम्म ११ वटा त्रिवर्षिय/पञ्चवर्षिय योजना पूरा भई बाह्रौ त्रिवर्षीय योजना करीब करीब पूरा हुने अवस्थामा आइपुगेको छ । यी विभिन्न योजनाहरुमा महिला शिक्षा सम्बन्धी भए गरेका महत्वपूर्ण पक्ष एवं रणनीतिहरु संक्षेपमा अनुसूचीमा देखाइएको छ ।

आठौं पञ्चवर्षीय योजना देखि शिक्षामा लैङ्गिक समानताको अवधारणा आएको देखिन्छ । जसबाट औपचारिक एवं अनौपचारिक शिक्षामा महिला सहभागिता बढाइयो । नेपाल सँगसँगै निरक्षरता उन्मूलन र महिला शिक्षाको लागि बचनबद्ध भएका अन्य साना ठूला थुप्रै राष्ट्रहरुले आफ्नो देशका महिलाहरुको साक्षरता दरलाई सम्मानजनक स्थितिमा पुऱ्याइसके । तर नेपालमा भने अझै पनि आधा आधि निरक्षर हुनु र त्यसमा पनि महिलाको प्रतिशत बढी हुनुले नेपाल धेरै पछि परेको पुष्टि नै हुन्छ । हाम्रो नेपालमा छोरीलाई पढाउनु पर्छ भन्ने सामाजिक अभियान अझै विकसित हुन सकेको छैन । बाह्रौं योजनाको अन्त सम्म आइ पुग्दा राज्यले महिला शिक्षाको मान्यता अनुरुप लगानीको प्रवृतिलाई बढाउँदै सकारात्मक बनाएको छ तर यस प्रयत्नलाई व्यक्ति, परिवार तथा समुदायले त्यति साथ दिन सकिरहेका छैनन् । लैङ्गिक विभेदको समस्या हरेक क्षेत्रमा देख्न सकिन्छ । यसैले महिला शिक्षाको अवस्था सन्तोष गर्न लायक छैन । तर पनि “एउटा पुरुषलाई सिकाउनु भनेको एक जनालाई मात्र सिकाउनु हो भने एउटा महिलालाई सिकाउनु भनेको धेरै जनालाई सिकाउनु हो ।” भन्ने लोकोक्तीलाई मनन गर्दै व्यक्ति,

घरपरिवार र समुदायको विकासमा महिला शिक्षाले प्रत्यक्ष एवं सकारात्मक प्रभाव पार्छ भन्नुमा अन्यथा हुने छैन ।

## साक्षर र साक्षरताको स्थिति

सामान्य अर्थमा 'साक्षर' भन्नाले "अक्षर चिनेको वा जानेको लिपि चिनेको, अलिअलि लेखपढ गर्न सक्ने अल्पशिक्षित" भनि अर्थ्याएको पाइन्छ । साक्षरतालाई महिला शिक्षा पाठ्यक्रमले "आफ्नो मातृभाषा वा राष्ट्रभाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित छोटा र साधारण वाक्यहरु बुझेर लेख-पढ गर्न सक्ने र बुझेका कुरा एक आपसमा राम्ररी संचार गर्न सक्ने साधारण हरहिसाव गर्न सक्ने तथा सिकेका कुरालाई व्यवहारमा उतार्न सक्ने व्यक्तिलाई साक्षर व्यक्ति मानिनेछ" भनेर परिभाषित गरेको छ ।

पढाइ, लेखाई तथा गणितीय सीपहरु बाहेक आफ्नो अधिकार, उत्तरदायित्व, आर्थिक, समाजिक, राजनैतिक, कानुनी, लैङ्गिक तथा अन्य अर्न्तसम्बन्धका विषयवस्तुहरुमा समेत सशक्तीकरण गराउनु महिला साक्षरताको अभिप्राय हो । हामीले करीब ६.५ दशक सम्म आयातित विचारको प्रयोग गऱ्यौं र धेरै कुरा सिक्यौं तर पनि निर्भर भइरह्यौं । अब यी सबै अनुभवहरुलाई बटुलेर स्थानिय वातावरण सुहाउँदो साक्षरता अभियानमा अघि बढ्नु जरुरी भैसकेको छ । २१ औं शताब्दीको साक्षरता सैद्धान्तिक मात्र नभई व्यवहारिक, सीपमूलक र गुणस्तरीय जीवन जिउन सहयोग गर्ने खालको हुनुपर्छ ताकि साक्षरता कार्यक्रम पश्चात् समाजमा उसको आर्थिक, सामाजिक, नैतिक इज्जत पनि उच्च रहोस् ।

## नेपालमा साक्षरताको स्थिति

नेपालमा वि.सं. २००९ सालदेखि वि.सं. २०६८ साल सम्मको ६ वर्ष माथिको महिला/पुरुषको तुलनात्मक साक्षरता स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

| साल (वि.सं.) | पुरुष साक्षरता (%) | महिला साक्षरता (%) | जम्मा साक्षरता (%) |
|---|---|---|---|
| २००९ | ९.५ | ०.७ | ५.३ |
| २०१८ | १६.३ | १.८ | ८.९ |
| २०२८ | २३.६ | ३.९ | १४.० |
| २०३८ | ३४.० | १२.० | २३.० |
| २०४८ | ५५.० | २५.० | ३९.६ |
| २०५८ | ६५.१ | ४२.५ | ५३.७ |
| २०६८ | ७५.१ | ५७.४ | ६५.९ |

**स्रोतः राष्ट्रिय जनगणना-२०६८, केन्द्रिय तथ्याङ्क विभाग**

विश्वमा अहिले करिव ८० करोडको हाराहारीमा प्रौढहरु निरक्षर छन् । जसमध्ये झण्डै ५५ करोड महिलाहरु निरक्षर छन् । नेपालमा साक्षरताको स्थिति हेर्ने हो भने वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय हुँदा साक्षरता २ प्रतिशत रहेकोमा दुई वर्ष मै ३.३ प्रतिशत वृद्धि भएर वि.सं. २००९ सालमा ५.३ प्रतिशत पुगेको देखिन्छ । माथिको तालिका अनुसार वि.सं. २००९ साल देखि वि.सं. २०६८ सालसम्म आइपुग्दा पुरुष साक्षरता वृद्धिदर वि.सं. २००९-०१८ को दशकमा ६.८%, वि.सं. २०१८-०२८ को दशकमा ७.३%, वि.सं. २०२८-०३८ को दशकमा १०.४%, वि.सं. २०३८-०४८ को दशकमा २१.०%, वि.सं. २०४८-०५८ को दशकमा १०.१% र २०५८-०६८ को दशकमा १०% देखिन्छ भने महिला साक्षरता वृद्धिदर सोही समयमा क्रमशः १.१%, २.१%, ८.१%, १३%, १७.५% र १४.९% देखिन्छ । पुरुषको तुलनामा महिला साक्षरताको वृद्धिदर अनुपात न्यून रहेको देखिन्छ । वि.सं. २०४८-०५८ को दशकमा भने पुरुषको १०.१% ले वृद्धि भएको छ भने महिलाको पुरुषको भन्दा बढी १७.५% ले वृद्धि भएको देखिन्छ । वि.सं. २००९ सालमा ०.७% रहेको महिला साक्षरता दर ६० वर्षको अन्तरालमा वि.सं. २०६८ सालमा ८२ गुणाले वृद्धि भई ५७.४% पुगेको देखिन्छ ।

देशको कूल जनसंख्या मध्ये आधा भन्दा बढी जनसंख्या ओगटेर बसेका महिलाहरु शैक्षिक दृष्टिकोणले धेरै पछाडि परेका छन् । वि.सं. २०६८ सालको तथ्याङ्क हेर्ने हो भने पनि पुरुष र महिलाको साक्षरता दरमा १७.७% ले महिलाको कमी देखिन्छ ।

वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको नतिजा अनुसार नेपालको कुल साक्षरता ६५.९ प्रतिशत पुगेको देखिन्छ भने अझै करीब ३४.१% मानिसहरु निरक्षर छन् । त्यसै गरी नेपाली महिलाको कूल साक्षरता प्रतिशत ५७.४% पुगको छ भने अझै ४२.६% महिलाहरु निरक्षर नै छन् । पुरुष र महिलाको तुलना गर्ने हो भने साक्षर पुरुष भन्दा साक्षर महिलाको संख्या १७.७% ले कमी छ । "हाल नेपालमा सन् १९९० को सबैको लागि शिक्षा विषयक विश्व सम्मेलन र सन् २००० को डकार कार्य ढाँचा अनुरुप सन् २०१५ सम्ममा सवै वयस्कहरुलाई आधारभूत तथा निरन्तर शिक्षाको पहुँच पुर्‍याउने एवं शिक्षामा लैङ्गिक विभेद अन्त्य गर्न लैङ्गिक समानता हासिल गर्ने नीति अनुरुप नै अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन भइरहेका छन् "(अनौपचारिक शिक्षा निर्देशका, २०६५) ।

नेपालमा परम्परागत साक्षरताको इतिहास पढाइ (Reading), लेखाई (Writing) र अंक गणितीय सीप (Arthematic Skill) तीनवटा आरहरु 3R$^s$ मा सिमित थियो तर पछिल्लो समयमा साक्षरता पढाइ (Reading), लेखाई (Writing), अकंगणित (Arthmetic), अधिकार (Right), उत्तरदायित्व (Responsibilities), सम्बन्ध (Relationship) र मनोरञ्जन (Recreation) गरी 7R$^s$ मा परिवर्तन भएको छ ।

अनौपचारिक शिक्षा पाठ्यक्रम २०५३ लाई आधार मानी महिला साक्षरता पाठ्यक्रम २०५५ तयार पारिएको थियो । महिला साक्षरता कार्यक्रमलाई पहिलो आधारभूत तह तथा दोस्रो साक्षरोत्तर तह गरी दुई तहमा विभाजन गरिएको थियो । महिलाहरुका लागि व्यवहारिक जीवनमा काम लाग्ने विषयवस्तुलाई आधार बनाई साधारण पढ्न लेख्न, सिक्न, उनीहरुको सशक्तीकरणमा सहयोग प्रदान गर्न महिला साक्षरता पाठ्यक्रम २०५३ लाई परिमार्जन गरी २०६१ मा नयाँ संस्करण प्रकाशित भयो । उक्त परिमार्जित पाठ्यक्रम अनुसार सञ्चालित साक्षरता कार्यक्रम १५-४५ वर्ष उमेर समूहका निरक्षर महिलाहरुको लागि सञ्चालन गरियो । यो कार्यक्रम दैनिक २ घण्टाका दरले हप्तामा ६ दिन अर्थात् १५० दिनमा जम्मा ३०० घण्टा सञ्चालन गर्ने व्यवस्था थियो । जसका सहभागि सबै महिला नै थिए । जहाँ सहयोगी कार्यकर्ता शिक्षक पनि महिला नै हुने व्यवस्था थियो जुन ६-६ महिनाका दरले महिला साक्षरता प्रथम र दोस्रो गरी दुई चरणमा विभाजन गरी लागू भएको थियो ।

## सिन्धुली जिल्ला : एक चिनारी

नेपालको इतिहासमा अंग्रेजलाई लखेट्न सफल ऐतिहाँसिक सिन्धुली गढी अवस्थित यस सिन्धुली जिल्लामा जनकपूर अञ्चलका ६ वटा जिल्ला मध्येको भित्री मधेशमा पर्ने जिल्ला हो । यो जिल्ला २६°५५' देखि २७°२२' उतरी अक्षाशं र ८५°१५' देखि ८६°२५' पूर्वी देशान्तर सम्म फैलिएको छ । नेपालकै सवैभन्दा बढी १० वटा जिल्लासँग सिमाना जोडिएको सिन्धुलीमा ५३ वटा गा.वि.स. र एउटा नगरपालिका रहेको छ। सिन्धुली जिल्ला राजनैतिक विभाजन अनुसार ३ वटा निर्वाचन क्षेत्र र १३ वटा इलाका क्षेत्रमा बाँडिएको छ। जिल्लाको कुल क्षेत्रफल २४९१ वर्ग किलोमिटर रहेको छ। धान, मकै, गहुँ, कोदो, जुनार, सुन्तला तथा तेलहन आदिको उत्पादन हुने यस जिल्लामा कमला, चंदा, मरिण, जिर्गा आदि जस्ता नदीहरुले सिंचाई सुविधा पुऱ्याइरहेका छन् । क्षेत्री, ब्राह्मण, तामाङ्ग, नेवार, मगर, दमाई, विश्वकर्मा, हायु आदि जातिको बसोवास रहेको यस जिल्लामा वि.सं. २०६८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या २,९६,१९२ जना रहेको छ भने सो मध्ये पुरुषको संख्या १,४२,१२३ (४८%) जना र महिलाको संख्या १,५४,०६९ (५२%) जना रहेको छ। नेपालको जनसंख्यामा पुरुष भन्दा महिला नै बढी भए जस्तै यस जिल्लामा पनि पुरुषको तुलनामा महिलाको संख्या ११,९४६ (४%) ले बढी रहेको देखिन्छ।

## शैक्षिक स्थिति

सिन्धुली जिल्लाको शैक्षिक आंकडालाई यस प्रकार उल्लेख गर्न सकिन्छ।

**तालिका नं. २**

**जम्मा विद्यार्थी विवरण**

| तह | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | ३७७२४ | ३९२९१ | ७७०१५ |
| नि.मा.वि. | १२८२९ | १३३०७ | २६१३६ |
| मा.वि. | ५६५० | ५४८९ | १११३९ |
| जम्मा | ५६२०३ | ५८०८७ | ११४२९० |

**स्रोत : जि.शि.का. सिन्धुलीको वार्षिक वुलेटिन, २०६८**

सिन्धुली जिल्लाको विद्यालय स्तरको शैक्षिक आँकडालाई आकंलन गर्दा प्रा.वि. र नि.मा.वि. मा छात्राहरुको संख्या बढी देखिएता पनि मा.वि. मा छात्राहरुको संख्या कम देखिन्छ । कुल जनसंख्याको आधा भन्दा बढी संख्या महिलाको भएता पनि उच्च शिक्षामा महिलाका संख्या कमी देखिनु राम्रो स्थिति होइन ।

**तालिका नं. ३**

**शिक्षक विवरण**

| तह | शिक्षक विवरण | | | स्थायी | | | अस्थायी तथा राहत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| प्रा.वि. | ४४० | ११८९ | १६२९ | ८४ | ७३२ | ८१६ | ३५६ | ४५७ | ८१३ |
| नि.मा.वि. | २१ | ३०५ | ३२६ | ४ | १०८ | ११२ | १७ | १९७ | २१४ |
| मा.वि. | १० | २५७ | २६७ | २ | १०७ | १०९ | ८ | १५० | १५८ |

**स्रोत : जि.शि.का. सिन्धुलीको वार्षिक वुलेटिन, २०६८**

महिला शिक्षकको सन्दर्भमा यस जिल्लामा स्थायी, अस्थायी र राहत सवै दरवन्दिमा महिलाको संख्या न्यून देखिनु पनि महिला साक्षरता कमी हुनुको एउटा उपयुक्त कारण देखिन्छ ।

**तालिका नं. ४**

**शिक्षण संस्था विवरण**

| तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | ३६६ | ७ | ३७३ |
| नि.मा.वि. | ९० | ६ | ९६ |
| मा.वि. | ४५ | ७ | ५२ |
| उ.मा.वि. | ५५ | ३ | ५८ |
| जम्मा | ५५६ | २३ | ५७९ |

**स्रोत : जि.शि.का. सिन्धुलीको वार्षिक वुलेटिन, २०६८**

यस जिल्लामा ५७९ विद्यालयहरुमध्ये ५५६ वटा सामुदायिक र २३ वटा संस्थागत विद्यालयहरु रहेको देखिन्छ । यहाँ विद्यालयको संख्या वढेता पनि सवै क्षेत्र, वर्ग, लिङ्गका मानिसहरुको पहुँच भने वढ्न सकेको पाइदैन ।

## १.२ समस्याको कथन

समाजको हरेक क्षेत्रमा महिलाहरु पछि परेको पाइन्छ । व्यक्तिका आधारभूत आवश्यकता पूरा गर्न समेत महिलालाई समाजका विभिन्न तहहरुबाट व्यवधान पुगिरहेको हुन्छ । कामको बोझ र शक्ति एवं प्रभावको अभावले गर्दा नेपालका अधिकांश महिलाहरु आफ्नो जीवन स्वास्थ्य र सुख सुविधाप्रतिको चुनौतीसँग सामना गरिरहेका हुन्छन् । आज विश्वका धेरै देश सहित नेपालले पनि सन् २०१५ सम्म "सवैका लागि शिक्षा" सम्बन्धि लक्ष्य पुरा गर्न निकै कोशिस गरेको त देखिन्छ तर राजनीतिक, सामाजिक र आर्थिक कारणले उक्त लक्ष्य पूरा हुने संभावना निकै कम छ । वि.सं. २०५८ को जनगणना अनुसार ६ वर्ष माथिका १ करोड ९२ लाख ५० हजार जनसंख्या मध्ये ७० लाख ६५ हजार नेपालीहरु निरक्षर देखिएका छन् जसमा ४१ लाख त महिलाहरु नै निरक्षर छन् ।

सार्क राष्ट्रको साक्षरता स्थिति हेर्ने हो भने पनि पुरुष साक्षरता भन्दा महिला साक्षरता संख्या न्यून पाइन्छ । सार्क राष्ट्रमा सवैभन्दा बढी साक्षर माल्दिभ्स देखिन्छ भने सवभन्दा कम साक्षर भुटान देखिन्छ । महिला साक्षरताको कुरा गर्दा नेपाल सार्क राष्ट्रमा सवैभन्दा कम महिला साक्षर भएको राष्ट्र पाकिस्तान भन्दा २६.८% ले बढी र सवै भन्दा बढी साक्षर भएको राष्ट्र श्रीलंका भन्दा ३२.६% ले कमी रहेको देखिन्छ । तसर्थ पनि नेपालको महिला साक्षरतामा गौरब गर्ने ठाउँ पटक्कै छैन ।

### लैङ्गिक साक्षरताको अवस्था

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा ६ वर्ष माथिका महिला पुरुषको लैङ्गिक साक्षरताको अवस्थालाई निम्नानुसार देखाउन सकिन्छ ।

**तालिका नं. ५**

| | पढ्न लेखन नसक्ने | | | पढ्न मात्र सक्ने | | | पढ्न र लेख्न सक्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| जम्मा | ४९३४००८ | २७२०२३३ | ७६५४२४१ | ५५८८४९ | ५७४३२४ | ११३३१७३ | ४१०५४७० | ६२,४२,९५७ | १,०३,४८,४२८ |
| प्रतिसत | ५१.६ | २८.३६ | ३९.७८ | ५.८७ | ५.९९ | ५.८८ | ४२.४९ | ६५.०८ | ५३.७७ |

स्रोतः वृहद शैक्षिक सामान्य ज्ञान, २०६८

माथिको तालिकालाई हेर्दा महिला-पुरुषको शिक्षाको पहुँच फरक छ । शिक्षामा पुरुषको भन्दा महिलाको पहुँच कम भएको तालिकावाट प्रष्ट हुन्छ । राज्यले शिक्षामा गर्ने लगानी एघारौं त्रिवर्षीय अन्तरीम योजना (२०६४-०६७) मा २६५३.३ करोड गरेको तथा वाह्रौं त्रिवर्षीय योजना (२०६७-०७०) मा ९३२८.८ करोड गर्ने लक्ष्य राखेको देखिन्छ ।

राज्यको ठूलो लगानी शिक्षामा हुँदा हुँदै पनि महिला जनसंख्याको ५१.६ प्रतिशत महिलाहरु लेख्न र पढ्न नजान्ने अवस्थामा रहनु ज्यादै दु:ख लाग्दो विषय हो । एक दशक देखि सरकारले महिला शिक्षामा ठूलो धनराशी खर्च गरिरहेको देखिन्छ तर विभिन्न कारणले सोचे जस्तो प्रगति भने हुन सकेको छैन । त्यसमा अत्याधिक जनसंख्या वृद्धिदर हुनु, प्राथमिक विद्यालयमा वालिकाहरु कम मात्रामा सहभागी हुनु, बढी मात्रामा कक्षा छोड्ने प्रवृति हुनु एवं महिला साक्षरता कार्यक्रममा सरकार एवं अन्य संघ-संस्था तथा समुदायको चासो कम रहनु प्रमुख कारण हुन् ।

समाजमा स्थापित परम्परागत लिङ्ग विभेद र असमान व्यवहारमा समयानुकुल सुधार गरी महिला र पुरुष विच समान सहभागिता र अवसर स्थापना गर्नु नै लैङ्गिक समानता हो । लैङ्गिक समता, समानता र महिला सशक्तिकरणको Gender Focal points को लागि विभिन्न कार्यक्रम संचालन भइरहेका छन् । समाजमा कयौं महिलाहरु शिक्षा पाएर पनि त्यसलाई प्रयोग गर्न पाउँदैनन् । त्यस्तै कयौंले शिक्षालाई जीवनपयोगी काममा उर्तान सक्ने सीप पाएका छैनन् भने कयौंले एक ठाउँमा छुट्न गएको शिक्षालाई फेरी अनुकूल वातावरण मिलाई अगाडि बढाउन सक्दैनन् । समग्रमा शिक्षा महिलाको व्यवहार अनुकुल बन्न सकेको देखिदैन ।

बास्तवमा महिलाहरुलाई आर्थिक, सामाजिक राजनैतिक कानुनी एवं सांस्कृतिक रुपले शक्ति सम्पन्न गराउनु तथा महिला सशक्तिकरणका लागि उनीहरुको आत्मबल बढाउनु पर्छ । साथै आफ्नो क्षमता र सीप देखाउने अवसर पनि पाउनु पर्छ । उपलब्ध स्रोत र साधनको अधिक्तम प्रयोग गरी सामाजिक आर्थिक क्षेत्रमा महिलाहरुको भूमिका सशक्त बनाउन जरुरी हुन्छ । जसका लागि शिक्षा अनिवार्य देखिन्छ । देशको आधा भन्दा बढी हिस्सा ओगटेको महिलाहरुलाई साक्षर बनाई राज्यको सामाजिक-आर्थिक क्षेत्रमा अगाडि बढाउन सवैले आ-आफ्नो स्थानबाट सक्रिय भूमिका खेल्न जरुरी देखिन्छ । अत: सामाजिक, आर्थिक विकासमा महिला साक्षरताको भूमिका कस्तो छ ? भन्ने विषयमा शोधलाई केन्द्रित गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

नेपाल सरकारको ठूलो बजेट शिक्षामा खर्च भइरहेको छ । औपचारिक शिक्षामा मात्र नभई अनौपचारिक शिक्षामा गरेको लगानीलाई पनि साह्रै कम भन्न मिल्दैन । तर लगानी गर्दैमा शिक्षाको गुणस्तर बढ्छ र उद्देश्यमूलक बन्छ भन्न सकिदैन । कुनै पनि कार्यक्रम संचालन गर्नुको औचित्य त्यस प्रतिको धारणा र व्यवहारमा सम्वन्धित समुदायका व्यक्तिहरु कतिको सकारात्मक छन् त्यसमा भर पर्दछ । तसर्थ परिमाणात्मक रुपमा अनौपचारिक कक्षाहरु संचालन भयो भनेर संख्यात्मक रुपमा निरक्षरतालाई साक्षर बनायौ भन्नुको औचित्य रहदैन बरु थोरै मात्रामा भए पनि गुणात्मक रुपमा उनीहरुको व्यवहार, सोचाई तथा धारणामा परिवर्तन ल्याउन सक्षम हुनु नै लगानीको उपयूक्त प्रतिफल भएको मानिनेछ ।

यस अध्ययनबाट साक्षर महिलाहरुको ज्ञान, सीप र मनोवृतिमा भएको विकासले सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनका हरेक क्षेत्रमा महिला सहभागिताको पहुँच र नियन्त्रणमा कस्तो अवस्था छ सो पत्ता लगाउन सकिनेछ । शिक्षाले समतामूलक तथा व्यवहारिक समाज स्थापनाको लागि सार्वजनिक जीवनमा महिला स्वयं स्वावलम्वी हुनेछन् र महिलाको आफ्नै पहिचान हुनेछ । महिला सहभागितामा बृद्धि हुनेछ । घरायसी आर्थिक, सामाजिक, व्यवहारिक सम्बन्धमा उनीहरु आफैंले निर्णय गर्न सक्नेछन् । महिला सशक्तिकरणका लागि परिवार भित्रवाटै सहयोग र सामर्थ्य जुटाउन सक्षम हुनेछन् । वर्षेनी शिक्षामा छुट्याइने गरिएको बजेटको ठुलो हिस्साले सम्बन्धित पक्षको साक्षरतामा कतिको प्रभाव पारेको छ र सामाजिक, आर्थिक क्षेत्रमा उनीहरुको सहभागिताले के कति प्रभाव पारिरहेको छ उक्त कुराको विश्लेषण गर्न सहयोग पुग्नेछ । साथै लगानीकर्ता, सहयोगी संघ-सस्था तथा नयाँ योजनाकारलाई समेत यस अध्ययनले सहयोग पुऱ्याउनेछ । तसर्थ पनि “सामाजिक-आर्थिक विकासमा महिला साक्षरताको भूमिका” विषयमा शोध कार्यको प्रयास गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

प्रस्तुत अध्ययन “सामाजिक, आर्थिक विकासमा महिला साक्षरताको भूमिका” विषयक शोधका उद्देश्यहरु निम्नलिखित रहेका छन् ।

(क) सामाजिक-आर्थिक विकासमा साक्षर महिलाले खेल्ने भूमिकाको पहिचान गर्नु ।

(ख) साक्षर महिलाहरुको साक्षरता दर र लैङ्गिक अवस्थाको विश्लेषण गर्नु ।

(ग) साक्षर महिलाको सामाजिक कृयाकलापमा सहभागिता खोज्ने ।

### १.५ अनुसन्धानात्मक प्रश्नहरु

प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिको लागि निम्नानुसारका शोधप्रश्नहरु निर्धारण गरिएको छ ।

साक्षर महिलाहरुको गतिशिलताको अवस्था कस्तो छ ?

के कारणले गर्दा स्थानीय महिला समुदायहरुमा के-कस्ता सामाजिक, आर्थिक परिवर्तनहरु पाइएका छन् ?

लक्षित महिला समुदायको साक्षरताको स्थिति र लैङ्गिक अवस्था के कस्तो छ ?

साक्षर महिलाहरु प्रति स्थानीय सोंच के कस्तो छ र सामुदायिक कार्यमा महिला सहभागीको भूमिका के कस्तो छ ?

### १.६ अध्ययनको परिसीमा

यस अध्यनको क्षेत्र व्यापक बनाउँदै निम्न लिखित सिमाहरु निर्धारण गरिएका छन् ।

यो अध्ययन जनकपूर अञ्चल, सिन्धुली जिल्ला, रानिचुरी गा.वि.स. वडा नं. १ र ७ का अनौपचारिक शिक्षा अर्न्तगतको साक्षरता अभियान महिला साक्षरता दोस्रो वाट साक्षर महिलाहरु मात्र अध्ययनको लक्षित केन्द्र मानिएको छ । यो अध्ययनमा १५ वर्ष देखि ४५ वर्ष सम्मका महिलाहरु मात्र सहभागि गराइएको छ । पुरुष एवं विद्यालय जाने नजाने बालबालिकाहरुलाई अध्ययनमा सहभागि गराइएको छैन । यो अध्ययन स्थानीय साधन र स्रोतले भ्याए सम्म न्यून आर्थिक खर्चमा, कम समयमा अध्ययनकर्ता स्वयं र विभिन्न संघ संस्थाको सहयोगमा खोजकार्यलाई सीमाङ्कन गरिएको छ ।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा

### २.१ साहित्यको पुनरावलोकन

सामाजिक, आर्थिक विकासमा महिला साक्षरताको भुमिका विषयक प्रस्तुत शोध अध्ययनको सिलसिलामा सम्वन्धित साहित्यको पुनरावलोकन गर्ने क्रममा फेला पारिएका शोध साहित्यहरु, प्रतिवेदनहरु, पत्रपत्रिका तथा अन्य स्तरीय सन्दर्भ ग्रन्थहरुको अध्ययन गरिएको छ ।

नेपाल जस्तो अल्पविकसित र विकासोन्मुख देशको उन्नतिको लागि सामाजिक, आर्थिक र लैङ्गिक समानता हुनु जरुरी हुन्छ । जसको लागि सर्वप्रथम जनता नै शिक्षित बन्नु पर्दछ । “नेपालमा साक्षरता कार्यक्रमको शुरुवात गुरुकूल शिक्षा प्रणालीबाट भएको अड्कल गर्न सकिन्छ” (पाण्डे, २०६०) । नेपालमा प्राचीन काल देखि नै समाजमा प्रचलित रीतीरिवाज चालचलन, विश्वास, जीवनको आदर्श र धर्मप्रति जनसाधारणको धारणा सामाजिक मूल्य मान्यतामा आधारित हुँदै हस्तान्तरण भएको पाइन्छ ।

वैदिककालमा समेत सामाजिक मुल्य र मान्यताको आधारमा शिक्षा प्रदान गरिन्थ्यो । जुन समय सन्दर्भ परिस्थिति अनुसार बदलिदै औपचारिक शिक्षाको रुपमा अघि बढीरहेको छ । औपचारिक शिक्षालाई यथास्थानमा राखेर अनौपचारिक शिक्षाको चर्चा गर्दा वि.सं. २००९ सालमा संयुक्त राष्ट्र संघको सहयोगमा शिक्षा मन्त्रालयद्वारा डब्लु.एफ्.एफ्. का डाक्टर फयाङ्ग लाउव्याकको नेतृत्वमा प्रौढ साक्षरता शिक्षाको प्रारम्भिक सामग्री तयार गर्न लगाइएको थियो । त्यसबेला दरिद्रता र रुढीवादी समाजका प्रौढहरुलाई सरीक गराई साक्षर बनाउनु एउटा सशक्त चुनौतिपूर्ण अभियान नै थियो । यी सबैको विचार गरी “मित्र राष्ट्र अमेरिकाको सहायताबाट कलेज अफ एजुकेशनको आयोजनामा दिनको दुई घण्टाको दरले तीन देखि नौ महिने प्रोढ शिक्षा कार्यक्रम वि.सं. २०१३ पौष महिना देखि चलाइयो” (रेग्मी, २०६५) । यसरी संचालित साक्षरता अभियान विकासको कडीको रुपमा लिइदै वि.सं. २०२२ सालदेखि कार्यमूलक साक्षरता अभियान प्रारम्भ गरि रा.शि.प. योजना २०२८-०३२ ले प्रौढ साक्षरतालाई वृद्धि गर्ने र कार्यमूलक बनाउनु पर्ने कुरामा जोड दियो । यसै क्रममा प्रौढ शिक्षा हासिल गरी सकेका सहभागीहरुको सीप र ज्ञानमा के कस्ता परिवर्तन आए भन्ने कुराको अभिप्रायले त्रिभुवन

विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरीड) ले वि.सं. २०३६ मा श्री सूर्यवहादुर श्रेष्ठको संयोजकत्वमा गठित एक अध्ययन टोलीले कार्यमूलक प्रौढ शिक्षाको मूल्याङ्कनात्मक अध्ययन गरेको थियो । जस अनुसार भाषागत भिन्नता, महिला र पुरुष विचको फरक तत्कालिन चार विकास क्षेत्रवाट एक-एक वटा गरी चार वटा जिल्लाको तुलनात्मक भिन्नताको विवेचना गरिएको थियो । अध्ययनको निष्कर्ष अनुसार ६०% प्रौढहरु मात्र साक्षर पाइयो (उही) । भाषागत र गणित तर्फ पनि पुरुष र महिलाहरु बिच साक्षरता उपलब्धिमा खासै भिन्नता देखिएन, मातृभाषा नेपाली नहुनेहरुको भन्दा हुनेहरुको साक्षरता उपलब्धी केही बढी देखियो (उही) । यसरी यहाँ के स्पष्ट हुन आउँछ भने स्थानीय समुदायको आवश्यकता अनुसार स्थानीय भाषामै साक्षरता शिक्षा दिइनुपर्दछ । नेपाली भाषामा मात्र शिक्षा दिइदा भाषागत विविधता भएको नेपालमा कार्यक्रमको प्रभावकारिता माथि प्रश्न चिन्ह लाग्न सक्ने रहेछ ।

जुनसुकै देशलाई पनि उँभो लगाउनु र उँधो लगाउनुमा त्यस देशको सरकार र जनतामा नै भर पर्दछ । सरकारले जनतालाई बढी से बढी साक्षर बनाउँदै लगेमा देशको आर्थिक, सामाजिक अवस्था दरिलो हुँदै जान्छ । विभिन्न अध्ययनमा अनौपचारिक शिक्षाको माध्यमबाट तर्क शक्ति बढाउने, आत्मविश्वास जगाउने हो भने अनौपचारिक शिक्षा महिला सशक्तिकरणको प्रभावकारी साधन वन्न सक्ने कुरा दर्शाइएको पाइन्छ । नेपाली नारीको वर्तमान अवस्था हेर्दा अतितको तुलनामा केही सुधारहरु आएको अवश्य पाइन्छ । तर पनि वंश थाम्ने छोरो अंश माग्ने छोरी भन्दै अझै पनि वुज्रुक वर्गवाट नै महिलाहरुलाई होच्याइन्छ । धेरै अध्ययन अनुसन्धानहरुमा यस्तो पनि पाइएको छ कि शिक्षकले, सहजकर्ताले कक्षामा छलफल अर्न्तक्रिया गर्दा पुरुष र महिलामा भेदभाव पनि गरिएको छ । केही सिकाउनु परेमा केटाले केटीलाई सिकाइदेउ भनिन्छ तर केटीले केटालाई सिकाउन उत्प्रेरणा दिएको विरलै पाइन्छ ।

साक्षरता कार्यक्रममा सहभागी नभएका महिलाहरु बोल्न र सोधेका कुराहरुको जवाफ दिन समेत हिचकिचाउँछन् । कुनै कुनै समुदायमा श्रीमान, सासु-ससुरा र मान्यजनको नाम बताउन समेत डराउँछन् र सक्दैनन् तर साक्षरता कार्यक्रममा सहभागी महिलाहरुले साक्षरता कक्षाबाट समूह निर्माण गर्न, बाहिरियासँग निर्धक्क कुराकानी गर्न समेत सिकेका हुन्छन् । साक्षर महिलाहरुले स्वतस्फूर्त रुपमा कसरी आत्मविश्वास गर्न सक्छन् भन्ने सन्दर्भमा वाङ्गसिङ्ग देउरालीका आमा समूहले व्यक्त गरेका विचारहरु आचार्य (१९९९) ले आफ्नो पि.एच.डी. को सोधपत्रमा यस प्रकार उल्लेख गर्नु भएको छ । “आमा समूहका सदस्यहरु आफ्ना कामहरु अझ

बढी आत्म विश्वासका साथ गरेको अनुभव गर्दछन् । उदाहरणको लागि उनीहरुले आफ्नो सही गर्न कम डराउन थाले । ताङ्गसिङ्ग देउराली वडा नं. ४ की एक सदस्यले भनिन्- साँझमा केटाकेटीहरुलाई सासुको जिम्मा लगाएर आमा समूहको मिटिङ्ग भेट्छु" (उही) । "जब पुरुषहरुले आमा समूहका गतिविधिहरु बुझ्दै गए उनीहरु आँफै आफ्ना श्रीमतीहरुलाई त्यस्ता मिटिङ्गमा पठाउन थाले । सामाजिक काममा विस्तारै-विस्तारै सहभागी गराउन थाले । यो प्रकृयाले महिला र पुरुष विचमा समझदारी बढ्दै गयो र महिलाले पुरुषबाट अत्याधिक सहयोग लिन थाले" (उही) । यसरी घरधन्दा, झमेला, पानी पधेंरो, कुटानी, पिसानी, बालवच्चाको स्याहार संभार गर्न परिवारका अन्य सदस्यहरुलाई हस्तान्तरण गरेर महिलाहरु घर वाहिरका सामाजिक कार्य, चेतनामुखि एवं उत्पादनशील कार्यमा अघि बढेको देखिन्छ । समूह निर्माण गर्न खुलेर आर्थिक, सामाजिक, साँस्कृतिक, पक्षमा अर्न्तक्रिया गरेको पनि पाइन्छ । तसर्थ साक्षरताले महिलाहरुको व्यक्तिगत चिन्तन गर्न सक्ने, समस्या समाधानका लागि वैकल्पिक उपायहरु खोज्ने र स्वतस्फूर्त आत्मनिर्णय गर्न सक्ने भएको पाइन्छ ।

लुईटेल (१९९६) को पि.एच्.डी. को सोधपत्र अनुसार "विना दक्षता र साक्षरता धेरै महिलाहरु बेरोजगारीको भूमरीमा फसेको पाइन्छ । यती मात्र होइन उनीहरु हरेक कार्यमा अरुमा भरपर्ने र आफ्ना आवश्यकता पूरा गर्न नसक्ने स्थितिमा छन् । साक्षरता एउटा यस्तो स्रोत हो जसले धेरै जवान आमाहरुको एकान्तपनलाई टुक्र्याउँछ, जसमा तिनीहरुले आधुनिक समाजको अनुभव गर्दछन् ।" "केही महिलाहरु स्वयं आफैले व्यापार संचालन गरेको पाइन्छ भने केहीले परिवारका सदस्यहरुबाट सहयोग पाएको देखिन्छ" (उही) । "अशिक्षित समाजमा साक्षर हुनु आफैंमा शक्ति प्राप्त हुनु हो" (उही) । "साक्षरता दिनको लागि यस्तो परिवेशमा केवल आत्मविश्वास बढाउनु, राम्रो आम्दानी गर्नु, बालवच्चाको राम्रो स्याहार गर्नु मात्र नभई पति र पत्नी, सासु र वुहारी र अन्य सदस्यहरु सबै जातजातीहरु विचमा सम्बन्ध बढाउन साथै आत्म सम्मान गर्न र विकासलाई निरन्तरता दिन महिला साक्षरता नितान्त आवश्यक छ भन्ने वारेमा कसैको पनि दुईमत रहन सक्दैन" (उही ) ।

माथिको विश्लेषणबाट यो स्पष्ट हुन्छ कि महिला साक्षरता बिना कुनै पनि समाजको विकास असंभव प्रायः छ । सामाजिक सुधार, ज्ञानको वृद्धि, आर्थिक स्वावलम्बन, सक्रियतामा वृद्धि, आत्मविश्वासमा वृद्धिको साथसाथै आयआर्जन र सहभागी महिला सदस्यहरुको सशक्तिकरणमा साक्षरता कार्यक्रमले महिलाहरुको जीवनमा ठूलो परिवर्तन ल्याएको देखिन्छ ।

सबै क्षेत्रमा समावेशीकरणको आवाज उठिरहेको वर्तमान परिप्रेक्षमा महिला मुक्तिको लागि पुरुष सरह समान अवसर प्रदान गर्नुपर्ने देखिन्छ । हचुवाको भरमा दिइने साक्षरता भन्दा स्थानिय समुदायको आवश्यकता अनुसार व्यवहारिक एवं सशक्तिमूलक साक्षरता शिक्षा प्रदान गरिनु पर्ने देखिन्छ । महिलाहरुको लागि ल्याइएको यस्ता कार्यक्रमहरुले महिलाहरुलाई लैङ्गिक समानता प्रदान गर्न, सफलता आर्जन गर्न र महिला अधिकारको प्रयोग गर्न सहयोग गर्दछ ।

"अनौपचारिक शिक्षा र विकास" विषयक अध्ययन प्रतिवेदन अनुसार ग्रामिण महिलाहरुले वास्तवमा के पाए त ? उल्लेखित शीर्षकमाथि केन्द्रित रही विश्लेषण गरेको तथ्याङ्क अनुसार, "सन् १९६१ मा नेपाली महिलाले सदर १५ वर्षमा विवाह गर्थे भने सन् १९९१ म १८ वर्ष पुगेपछि विवाह गर्न थाले" (आचार्य, १९९९) । करीब २० वर्ष पहिलेको तुलनामा अहिले बढी महिलाहरुले परिवार नियोजनको साधनहरु प्रयोग गर्न थाले (उही) । "महिलाको औसत आयू बढ्दै गयो, पहिलेको भन्दा आजभोली धेरै छोरीहरु विद्यालय पढ्न पठाउने गरिएको छ" (उही) । माथिको निचोडलाई विश्लेषण गर्दा महिलाहरु स्वयं उमेर पुगेपछि विवाह गर्नुपर्छ र परिवार नियोजन साधन प्रयोग गर्नुपर्दछ भन्ने कुरामा सुसुचित भएको पाइयो । छोरीलाई पनि शिक्षा दिनु पर्छ भन्ने आमा बाबुमा चेतना वृद्धि भएको देखियो । सामुदायिक विकास प्रवर्तन केन्द्रद्धारा बर्दिया र पाँचथर जिल्लामा गरिएको सामुदायिक साक्षरता सम्बन्धि एक विश्लेषणबाट महिला साक्षरता सम्बन्धी केही तथ्य यहाँ उद्धृत गरिएको छ । "अधिकांस महिलाले शिक्षाको दुईथरी फाइदा वताए । पहिलो फाइदा शिक्षा शिक्षा कै निम्ति अर्थात् शिक्षाले मनमा ज्योती ल्याउँछ । दोस्रो फाइदा यसले काम पाउन वा पैसा कमाउन मद्धत गर्छ । हरेक कुराको पुछार (अन्त) हुन्छ यो शिक्षा भन्ने वस्तुको पुछारै छैन । छरछिमेकमा पढाइ लेखाई गर्न जान्ने कहाँ गएर भए पनि पढ्न लेख्न सिक्छन् । पाँचथरको महिला समूहमा विचारको बढी विचलन भएको पाइयो, सायद बढी स्वतन्त्रता उपभोग गर्न पाएको कारणले पनि हुन सक्छ" (अधिकारी र अर्याल, २०५७) ।

नेपालको पूर्वमा पाँचथर लिम्बू समूदायमा भन्दा पश्चिम बर्दियामा विकास कम भएको र थारु समुदाय भएकोले शिक्षाले पैसा कमाउन मद्धत गर्दछ भन्ने बुझे र धेरै जसो महिलाले 'शिक्षा" शब्दको अर्थ पनि बताउन सकेनन् । पाँचथरमा भने शब्दको कुनै समस्या परेन साक्षरताको महत्व बुझेका आमाहरुले आफू निरक्षर भएता पनि आफ्ना केटाकेटीहरुलाई जान्ने बुझ्ने कहाँ गएर पढ भनेर जोड दिइएको पाइयो । अतः भाषा, जाती, रहन-सहन, विकास

निर्माण, शिक्षा आदिको प्रभावले पनि साक्षरता कार्यक्रममा बुझ्न र बुझाउन प्रभाव पारेको प्रष्ट हुन्छ ।

Democracy, Gender Equality and Women's Literacy, Experience from Nepal (2004) विषयक युनेस्कोद्वारा प्रकाशित working paper को पृष्ठ ५ मा आचार्यले विविध मूल्य र मान्यताका विचमा महिलाको अवस्था यसप्रकार प्रस्तुत गर्नु भएको छ ।

विवाह सामाजिक र साँस्कृतिक कर्तव्य भएको हुनाले यो वाध्यता पनि हो ।

विवाहित महिलाको लागि बच्चा जन्माउनु महत्वपूर्ण भएकोले अनिवार्य बनेको छ । बच्चा जन्माउनुमा पनि महिलाको सुरक्षा, सम्मान र पारिवारिक अस्तित्वको लागि छोरा जन्माउनुसँग बढी सम्बन्ध राख्दछ किनभने छोराले नै परिवार वंशलाई निरन्तरता दिन सक्छ भन्ने मान्यता रहेको पाइन्छ ।

छोरामात्र पैतृक सम्पतिको हकदार हुन्छ ।

लिङ्गभेदी संस्कारले थोपरेको छोरामुखि चिन्तनले गर्दा पैत्रक सम्पतिमा छोरीको पनि समान हक लाग्ने कुरालाई हाम्रो समाजले सहज रुपमा स्वीकार्दैन । फलतः आज सम्म पनि नेपाली महिलाहरु शैक्षिक, आर्थिक, सामाजिक, कानुनी एवं राजनैतिक अधिकारबाट बंचित रही आएका छन् । नेपालमा मात्र नभई विश्व भरनै धेर-थोर रुपमा महिलाहरु घर धन्दामै बढी सम्लग्न रहन्छन् । तर पनि महिलाहरुले समुदायमा उत्पादनशील एवं पुनः उत्पादनशील, सामुदायिक तथा साँस्कृतिक क्षेत्रमा भूमिका निर्वाह गरेका हुन्छन् । समाजमा गलत-सामाजिकीकरणको प्रक्रियाकै परिणाम स्वरुप महिला र पुरुषको भिन्दा-भिन्दै भूमिका निर्वाह हुन्छ । महिला साक्षरता, समानता र सशक्तिकरणको अध्ययन गर्दा अनुसन्धान, उद्देश्य र यसका लागि विधिको नै विकास गर्नुपर्छ र लैङ्गिक समानतामा बढी जोड दिनुपर्दछ ।

"आज नेपालको कुल जनसंख्याको १३.८ प्रतिशत अर्थात ३८ लाख मानिसहरु अझै पनि निरक्षरको भूमरीमा रहेको पाइन्छ भने त्यसको ५.५ प्रतिशत व्यक्तिहरु विद्यालय जाने उमेरका छन् (शिक्षक मासिक, २०६९) । साक्षरता कार्यक्रमलाई थप कार्यमूलक तथा जीवनोपयोगी बनाउने गरीबीको रेखामुनी रहेका अपाङ्ग, महिला, दलित तथा पिछडिएको जनजातिलाई निशुल्क शिक्षा एवं पर्याप्त छात्रवृति प्रदान गर्ने, प्राथमिक शिक्षालाई जीवनोपयोगी बनाउने जस्ता कार्यहरु उचित तरिकाले तत्कालै गर्नुपर्ने देखिन्छ ।


महिलाहरुको भविष्यको कुरा गर्दा, “महिलाहरुको शैक्षिक विकासको लागि अभिभावक शिक्षा दिनु आवश्यक छ । Halsey-1988 का अनुसार शिक्षाको पहुँच एउटा आधारभूत आवश्यकता हो जसले समाजका विभेदलाई अन्त्य गर्दछ” (आचार्य, १९९९) । यसरी घर गृहस्थीको व्यवस्थापन कार्य, घर परिवार, वातावरणको सृजना, स्वास्थ्य सम्बन्धी बानी व्यहोरा, वालवच्चाको शिक्षामा सम्लग्नता, सामुदायिक सेवा एवं समूहमा आवद्धता, आय-आर्जन सम्बन्धी कार्यमा सम्लग्नता आदि सबै महिलाहरुमा साक्षरताको माध्यमबाट प्राप्त सशक्तीकरणका उपलब्धीहरु हुन् । शिक्षाले मानिसलाई सशक्त बनाउँछ । गरीब र पिछडिएकालाई उत्प्रेरित गर्छ । ज्ञान दिन्छ र सीप सिकाउँछ । मनोवृतिमा परिवर्तन ल्याउँछ । महिलाहरुलाई आफ्नो आवश्यकता र सम्भाव्यता खोज्न जुर्मुऱ्याउँछ । आर्थिक, सामाजिक, राजनैतिक विकासका हरेक पक्षहरुमा विना भेदभाव पुरुष सरह महिलालाई सहभागी एवं सचेतीकरण गराउनु र सन् २०१५ सम्म सवै व्यक्तिलाई साक्षर तुल्याउनु साक्षरता अभियानको महत्वकांक्षि लक्ष्य हो । तसर्थ अनौपचारिक शिक्षा एवं साक्षरता अभियान अर्न्तगत निरक्षर, गरीव, महिला, पिछडिएका व्यक्ति, दलित, जाति विशेष तथा जनजाति वर्गको शैक्षिक, आर्थिक एवं सामाजिक हक हित र उन्नतिको लागि सशक्त योगदान पुऱ्याउने कुरामा माथिको अध्ययन अनुसन्धानहरुको निष्कर्षले पुष्टि गर्दछ ।

## २.२ सैद्धान्तिक खाका

समालोचनात्मक सचेतीकरण सिद्धान्तका प्रतिपादक एवं ब्राजील राष्ट्रिय साक्षरता कार्यक्रम (सन् १९६३) का प्रमुख पाउलो फ्रेरे (Paulo Freire) ले सन् १९५० मा सर्वप्रथम निरक्षरलाई साक्षर बनाउन प्रौढ साक्षरताको धारणा प्रकाशमा ल्याए । सन् १९५० मा विजारोपण गरेको REFLECT (Regenerating Freirean Literacy Through Empowering Community Technique) ले सन् १९७० मा आएर मूर्तरुप पायो । “पाउलो फ्रेरेको सोचको ढाँचा धार्मिक उदारतावाद हो । त्यसमा उनले मार्क्सवादी चिन्तन मिलाएर समाजलाई विश्लेषण गर्ने सीप थपे । यसरी धार्मिक उदारतावाद र माक्सवादी समाज विश्लेषणको संयूक्त नामलाई उनले समालोचनात्मक सचेतीकरण भनेर नामाकरण गरे” (काफ्ले र सिन्हा, २०६१) ।

पाउलो फ्रेरेले सन् १९५० को दशकमा ब्राजीलमा शिक्षाको शक्ति भएको महसूस गरेर निरक्षरहरुलाई शिक्षित भए पछि मात्र भोट दिन पाउने भनी सम्पूर्णलाई शिक्षित बनाएर भोट

हाल्न लगाए तर उनले के महसूस गरे भने ती व्यक्तिहरुको मोह पनि पहिला जसलाई जसरी दिन्थे, त्यसरी नै दिए । जीवनमा कुनै परिवर्तन आएन । उनले सोचेको शक्ति प्रदान भएन । त्यसबाट फ्रेरेको शिक्षा तथा साक्षरता सम्बन्धि विचारहरु बाहिर आउन थाले । फ्रेरेले मानिसलाई एक सम्बन्धै सम्बन्धको प्राणीको रुपमा यसप्रकार व्याख्या गरेका छन् ।




यो सम्बन्धलाई पूर्ण रुपमा बुझ्न र असन्तुलित सम्बन्धलाई सन्तुलित पार्ने कार्यमा फ्रेरेले मान्छेलाई ऐतिहासिक कार्यको रुपमा हेरेका छन् । मानिस प्रकृतिले स्वतन्त्र प्राणी हो । अदृश्य शक्तिबाट परिचालित मानिस समाजमा आफूलाई अलग्गै पहिचानमा उभ्याउँन चाहन्छ । धनी, गरीव, जान्ने नजान्ने, ठूलो, सानो आदि सबै मानवले नै सृजना गरेको हो । हामीले आफ्नो दायित्व वोध गर्ने हो भने परिवर्तन अवश्य सम्भव छ । पाउलो फ्रेरे समाज भित्रकै वार्तालापमा विश्वास गर्छन् जुन वार्तालाप लक्षित समुदाय भित्रैमा हुनुपर्दछ । जहाँ बाहिरियाहरुको हस्तक्षेप हुनु हुँदैन । फ्रेरेले यी सबै चिन्तनहरुलाई आशाको शिक्षा शास्त्रमा प्रस्तुत गरेका छन् ।

फ्रेरेको पुस्तक Pedagogy of the oppressed (1970) मा भनिएको छ - वर्णमालामा आधारित परम्परागत साक्षरता विधिमामा मानिसहरु अभ्यस्त भएका छन् , यसमा मानिसहरुको विश्वास बसेको छ, यसमा शिक्षकले छानेका विषय, ज्ञान, सीप र शब्दहरु मात्र सिकारुलाई प्रदान गरिन्छ । यो एक प्रकारको एकोहोरो थुपार्ने (बैकिङ्ग) शिक्षा पद्धति हो । यसले सिकारुको सहभागितालाई निष्कृय बनाउँछ । यसले सिकारुलाई चेतना जगाउने नभई झन् दवाउने काम गर्दछ । फ्रेरे यस पद्धतिको बिरोध गर्दै भन्दछन्- साक्षरतामा सिकारुको सक्रिय सहभागीता हुनुपर्दछ, सहभागीहरुको अनुभवको आधारमा सिकाई क्रियाकलाप संचालन गर्नुपर्दछ । अरुलाई एकदमै अज्ञानता लाद्न दमनात्मक विचारधाराको एक विशेषता हो । फ्रेरेले आफ्नो उत्पिडितहरुको शिक्षण (Pedagogy of the oppressed) मा बैकिङ्ग शिक्षाको यसरी विरोध गरेका छन् ।

"शिक्षकले शिक्षा दिन्छ र विद्यार्थीलाई सिकाइन्छ । शिक्षकले सवै कुरा जान्दछ र विद्यार्थीले केही पनि जान्दैन । शिक्षकले सोच्दछ र विद्यार्थीहरुको विषयमा सोचिन्छ । शिक्षकले बोल्दछ र विद्यार्थीहरुले नम्रतापूर्वक सुन्दछन् । शिक्षकले अनुशासित गराउँछ र विद्यार्थीहरु अनुशासित गराईन्छन् । शिक्षकले निर्णय गर्दछ र विद्यार्थीहरुमा लागू गराउँछ, त्यसलाई विद्यार्थीहरुले पालना गर्दछन् । शिक्षक क्रियाशिल रहन्छ र विद्यार्थीहरुमा उसको क्रियाशिलताले आफ्नो क्रियाशिलताको भ्रम गर्दछ । शिक्षकले आँफै कार्यक्रमको विषयवस्तुलाई चुन्दछ र विद्यार्थीहरुले आफूलाई त्यसै अनुसार ढाल्दछन् । शिक्षकले व्यवसायिक प्रभुत्वको कारण ज्ञानको अधिकारलाई बल्झाउँछ, जसलाई उसले विद्यार्थीहरुको स्वतन्त्रता विरुद्ध खडा गर्दछ । शिक्षक शैक्षणिक प्रकृयाको कर्ता हो, विद्यार्थी त्यस प्रकृयाको कर्म मात्र हो" (गौतम, २०६०) ।

फ्रेरेका अनुसार स्वतन्त्रकारी शिक्षाको उद्देश्य शिक्षक र विद्यार्थीहरुको बीच मेलमिलाप गराउने प्रेरणामा नीहित छ । उनी भन्दछन् - प्रक्रियागत रुपमा सहभागीमा आवश्यक ज्ञान, सीप तथा मनोवृतिको विकास गराई सहभागितामूलक शिक्षाको अन्तीम लक्ष्य, लक्षित समुदायमा रहेको अर्न्तनिहित शक्तिलाई बाहिर ल्याई सशक्तिकरण गर्नु हो । जब मानिसमा सचेतीकरण आउँछ, उसले आफू दबिएको, पिल्सिएको, अन्याय र अत्याचारमा परेको बास्तविकता थाहा पाउँछ । मानिसले मानिसमा रहेको मौन संस्कृतिलाई तोडी परम्परागत बास्तविकताहरु पत्ता लगाई सक्षमता प्रदान गर्न सक्नुपर्दछ । फ्रेरेको विचारमा साक्षरता भनेको मनोवैज्ञानिक र यान्त्रिक रुपको पढाई र लेखाइको प्रक्रिया मात्र होइन बरु साक्षरता भनेको सिकारुको मानवीय चेतनाको विकास गराउने र आन्तरिकीकरणलाई सहयोग गराउने एक प्रक्रिया हो । "फ्रेरेको शिक्षा ग्रहण गर्ने दर्शनशास्त्र त्यो स्वतन्त्र, प्रजातान्त्रिक, स्वभाविक अथवा स्वतन्त्र धर्मशास्त्र, क्रान्तिकारी समाजवाद र सत्ता दर्शन, यस प्रजातन्त्रको मुख्य धारणा हो । अन्तकरणको शुद्धता अभ्यास र कुराकानी फ्रेरेबादको शिक्षा स्वतन्त्र दर्शनशास्त्र एउटा विधान सम्मिलित शिक्षा हो" (रेग्मि, २०६५) ।

पाउलो फ्रेरेको चिन्तनको धारमा बनेको अनौपचारिक शिक्षाले व्यक्तिलाई मानवतावादी, न्यायमूखी, जनमुखी, शोषित एवं पीडितमुखी बनाउन सक्यो । फ्रेरेको सोंचको ढाँचा धार्मिक उदारताबाद हो । यसमा उनले मार्क्सवादी चिन्तन मिसाएर समाजलाई विश्लेषण गर्ने सीप थपे । यसरी धार्मिक उदारताबाद र मार्क्सवादी समाज विश्लेषणको संयुक्त नामलाई उनले समालोचनात्मक बुझाइ ठाने । यसैलाई उनले समालोचनात्मक, सचेतीकरण भनेर नामाकरण

गरे । यसरी पाउलो फ्रेरेले प्रत्येक शिक्षार्थीलाई समाज विश्लेषक बनाउने शिक्षण विधिको शुरुवात गरे । समालोचनात्मक ढंगले सचेत बन्न संवादमा विश्वास गर्ने, विषयवस्तुमा लचकता दिने र आत्मविश्वास जगाउने, क्षमता उत्पन्न गर्ने व्यक्ति जन्माइदिन सक्यो । यसरी शिक्षकलाई उदार मानवतावादी र जनपक्षीय बन्नका लागि सहभागीतामूलक शिक्षण प्रणाली विकसित गरेर त्यसबाट शिक्षार्थीको सृजनात्मक क्षमतालाई उपभोग गर्ने निति अख्तियार गरी सशक्तिकरण प्रकृया सन् १९६४ देखि सुरु गरिदिए ।

नेपालमा वि.सं. २०३६ सालपछि तत्कालिन नेपाल सरकारको शिक्षा मन्त्रालयले पाउलो फ्रेरेको शिक्षा पद्धति अनुरुप प्रौढ शिक्षालाई बढी प्रभावकारी र रोचक बनाउन पत्तीखेल (Card Game), पोस्टर छलफल (Poster Discussion) तथा मुख्य शब्द (Key word) को प्रयोगबाट सिकाइ विधिको शुरुवात गरियो । यसबाट परम्परागत घोकन्ते विद्या (Rote Learning) को बदला आलोचनात्मक शिक्षा (Critical Learning) को थालनी भयो । यसले ग्रामिण पुरुष-महिलालाई जादुको महल बनाउने सोचाई भन्दा आफ्नो व्यवहारिक कुराको ज्ञान तार्किक शक्ति बढाउने दिशातर्फ अग्रसर गरायो ।

## २.३ अध्ययनको शैक्षिक उपादेयता

कुनै पनि अनुसन्धानलाई अगाडी बढाउन त्यससँग सम्बन्धित साहित्य वा सिद्धान्तको अवलम्वन गर्नै पर्ने हुन्छ । जसको कारण अनुसन्धानले दिशा पहिल्याउन सकोस् र अनुसन्धानबाट पत्ता लागेका कुराहरुलाई सम्बन्धित क्षेत्रमा सामान्यिकरण गर्न सकियोस् । सम्बन्धित साहित्य वा सिद्धान्तको अध्ययन गर्नुको उद्देश्य सम्बन्धित क्षेत्रलाई नियाल्नु हो ।

यस शोधमा अनौपचारिक शिक्षा साक्षरता कार्यक्रम र सम्बन्धित साहित्यहरुको अध्ययन गरिएको छ । जसको कारण नेपालमा अनौपचारिक शिक्षाको विकास कहिले र कसरी भएको हो ? शिक्षाविदहरु, दार्शनिकहरु अनुसन्धानकर्ताहरु यस विषयमा के भन्दछन् ? साक्षरता कार्यक्रम पश्चात त्यहाँका मानिसहरुको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक भूमिकामा के परिवर्तन आयो र थप प्रभावकारी बनाउन के-कस्ता कदमहरु चाल्न जरुरी हुन्छ तथा उक्त कार्यक्रमलाई सम्बन्धित क्षेत्रका महिलाहरुले कसरी लिएका छन् ? साक्षर महिलाहरुले जानेका सीप र ज्ञानलाई निरन्तरता दिएका छन् की छैनन् ? आदि पक्षको जानकारी हासिल गरी आफ्नो शोधलाई अगाडी बढाउन सम्बन्धित साहित्यको अध्ययन आवश्यक रहेको छ ।

# परिच्छेद : तीन

## अध्ययन विधि

### ३.१ अध्ययनको ढाँचा

यस अध्ययनमा प्रस्तुत उद्देश्यहरु परिपूर्ति गर्ने लक्ष्य सहित अध्ययनको लागि उपलब्ध सीमित स्रोत र साधनको सीमा भित्र रही गुणात्मक तथा परिमाणात्मक अनुसन्धान विधिहरुको प्रयोग गरिएको छ ।

### ३.२ जनसंख्या तथा नमूना

अनुसन्धानका लागि निश्चित जनसंख्यालाई आधार मानी निष्कर्ष तथा नतिजा निकालिएको छ । यो अध्ययन सिन्धुली जिल्ला रानिचुरी गा.वि.स. वडा नं. १ र ७ का वडाबाट २०-२० घरधुरी गरी जम्मा ४० घरधुरी जनसंख्याको छनौट उद्देश्यमूलक नमूना छनौट विधिको आधारमा गरिएको छ । नमुना छनौट गरिएको लक्षित समुदायका साक्षर महिलाहरुलाई मात्र अध्ययनमा समावेस गरिएको छ ।

**तालिका नं. ६**

**नमूना छनौट गरिएको संख्या विवरण**

<table>
<tr><th>क्र.सं.</th><th>गा.वि.स.</th><th>वडा नं.</th><th>छनौट घरधुरी संख्या</th><th>सहभागी साक्षर महिला</th><th>कक्षा संख्या</th><th>सहयोगी कार्यकर्ता</th><th>सहयोगी निरिक्षक</th><th>सहयोगी संस्था</th></tr>
<tr><td>१</td><td>रानिचुरी</td><td>१</td><td>२०</td><td>२०</td><td>१</td><td>१</td><td rowspan="2">१</td><td>जि.शि.का. सिन्धुली</td></tr>
<tr><td>२</td><td>रानिचुरी</td><td>७</td><td>२०</td><td>२०</td><td>१</td><td>१</td><td>जि.शि.का. सिन्धुली</td></tr>
</table>

रानिचुरी गा.वि.स.को वडा नं. १ र ७ का २०-२० घरधुरीका १-१ जना गरी जम्मा ४० जना महिलाहरु अध्ययन अनुसन्धानको नमूनामा परेका थिए ।

**३.३ तथ्याङ्क संकलन विधि तथा साधन**

यस अनुसन्धानका लागि आवश्यक तथ्याङ्क संकलन गर्न निम्नानुसारका साधनहरु प्रयोग गरिएका थिए ।

**(क) फाराम**

जनसंख्या र नमूना छनौटको लागि लक्षित घरधुरी सर्वे विधिको प्रयोग गरिएको थियो । जसबाट जनसंख्या, जात, वर्ष, शिक्षा, पेशा, वैवाहिक स्थिति आदिको विवरण संकलन गरिएको थियो । त्यसैगरी साक्षर महिला सहभागीहरुको स्थिति अवलोकन गर्न सहभागी अवलोकन फाराम प्रयोगमा ल्याइएको थियो । यो फाराम प्रत्येक सहभागीको अवलोकन गरी प्रत्येकको अलग-अलग अध्ययनकर्ता स्वयंद्वारा भरिएको थियो । त्यसैगरी सहभागीको अवस्था, नियमितता, स्थान, व्यवस्थापन, प्रभावकारिता आदि पक्षको अवलोकन गर्न कक्षा व्यवस्थापन अवलोकन फारामको प्रयोग गरिएको थियो । (फाराम नमूना, परिशिष्ट १ र ३)

**(ख) प्रश्नावली/अन्तर्वाता**

प्रस्तुत अनुसन्धान महिला साक्षरता कक्षामा सहभागी महिलाहरुको लागि बस्तुगत र विषयगत प्रश्नावली, सहयोगी महिला शिक्षक तथा निरिक्षकको लागि अलग-अलग खुल्ला विषयगत प्रश्नावली तयार गरी अर्न्तवार्ताको रुपमा सामाजिक, आर्थिक विकासमा महिला साक्षरताको भूमिकाको बारेमा तथ्याङ्क संकलन गरिएको थियो ।

**ग) समूह छलफल**

प्रस्तुत अनुसन्धानको लागि आवश्यक विविध विषयमा जानकारी लिन सहभागी साक्षर महिलाहरु, सहयोगी महिला शिक्षकहरु एवं सोधार्थी स्वयं बसी आर्थिक तथा सामाजिक पक्ष एवं साक्षरोत्तर कक्षाको प्रभावकारिताको वारेमा समूह छलफल गरिएको थियो । समूह छलफलमा सहभागी महिलाहरुले भरेका वस्तुगत प्रश्न एवं सहयोगी शिक्षक तथा निरिक्षकले दिएका प्रश्नावलीको जवाफहरुमा समेत छलफल गरी तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४ तथ्याङ्कको स्रोत

अध्ययनको उद्देश्य प्राप्तिका लागि प्राथमिक र द्वितीय स्रोतलाई तथ्याङ्क संकलनको स्रोतका रुपमा उपयोग गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत घरधुरी सर्वेक्षण फाराम, प्रश्नावली/अर्न्तवार्ता, अवलोकन भ्रमण, समूहगत छलफलको प्रयोगबाट तथ्यांक संकलन गरियो भने द्वितीय स्रोतबाट अध्ययनलाई वस्तुनिष्ठ, सान्दर्भिक र व्यापक बनाउने प्रयास गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलन प्रकृया

प्रस्तुत अध्ययनको तथ्याङ्क संकलन प्रक्रिया निम्नानुसार प्रस्तुत गरिएको छ ।

सर्वप्रथम छनौट गरिएको गा.वि.स. को वडामा गई अध्ययनको प्रयोजन र प्रकृति सम्बन्धमा साक्षरता कक्षामा सहभागी महिलाहरुसँग छलफल गरियो । साक्षरता कार्यक्रमका सहयोगी कार्यकर्ता तथा निरिक्षकसँग पनि आवश्यक अर्न्तक्रिया गरियो । आवश्यक सर-सल्लाह गरी अर्न्तवार्ता, प्रश्नावली भर्नका लागि समय तय गरि सोही अनुसार उक्त कार्यहरु गरियो । जिल्ला तथा केन्द्रिय स्तरवाट प्रकाशित सूचना तथा तथ्याङ्कहरु, विभिन्न लेखक तथा सोध विशेषज्ञ ज्यूहरुको निष्कर्ष तथा तथ्याङ्कहरुबाट पनि सूचना, तथ्याङ्क तथा पुर्व साहित्यहरुको समिक्षा संकलन गरिएको थियो ।

### ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

यो अनुसन्धानको विश्वसनियता र वैद्यताको लागि शोधार्थी स्वयंबाट छनौटमा परेका वडाका साक्षर महिलाहरु, सहयोगी शिक्षक कार्यकर्ता र सहयोगी निरिक्षकसँग प्रत्यक्ष अर्न्तवार्ता र प्रश्नावली भराइएको छ । प्रस्तुत अध्ययनमा प्रयोग भएका तथ्य र तथ्याङ्कहरुलाई अंक, प्रतिशत र अनुपातको आधारमा आवश्यकता अनुरुप तालिका, वृतचित्र तथा ग्राफ चार्टमा र गुणात्मक तथ्याङ्कहरुलाई व्याख्यात्मक रुपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण

### ४.१ कार्यक्रमको अवस्थिति

नेपाल सरकार शिक्षा मन्त्रालयद्धारा संचालित साक्षरता अभियानलाई जिल्ला शिक्षा कार्यालय सिन्धुलीको अनौपचारिक शिक्षा शाखाले जिल्ला भरिका निरक्षरहरुलाई साक्षर बनाउन एउटा व्यापक अभियानको रुपमा कार्यक्रम अगाडी बढाएको थियो । जसमा महिला साक्षरता प्रथम तह पुरा गरिसकेका वा आधारभुत साक्षरता तह पुरा गरिसकेका १५-४५ वर्ष उमेर समुहका महिलाहरुका लागि महिला साक्षरता दोस्रो कार्यक्रम संचालन गरिएको थियो । यो कार्यक्रम दैनिक २ घण्टाका दरले हप्तामा ६ दिन अर्थात् न्यूनत्तम १५० दिनमा जम्मा ३०० घण्टा संचालन गरी ६ महिनामा सम्पन्न गर्ने लक्ष्य शिक्षा मन्त्रालय अनौपचारिक शाखाले राखेको थियो । सोही कार्यक्रम अर्न्तगत यसै जिल्लाको रानिचुरी गा.वि.स. का नौ वटै वडामा गा.वि.स. को सहकार्यमा महिलाहरुलाई केन्द्रविन्दु मानि महिला साक्षरता दोस्रो कार्यक्रमका कक्षाहरु संचालन गरिएको थियो । तर अध्ययनको कार्यक्षेत्र वडा नं. १ र ७ लाई मानी यस क्षेत्रमा साक्षरता अभियानको कक्षा संचालन पश्चात महिलाहरुको सामाजिक, आर्थिक अवस्थामा परेको प्रभावका सम्वन्धमा अध्ययन गर्न यो अध्ययनकर्ता लागि परेको थियो । जस अनुसार सहभागीहरुको स्थिति र कक्षा व्यवस्थापन सम्बन्धमा जानकारी लिनको लागि अवलोकन फारम (परिशिष्ट ६) प्रयोगमा ल्याइएको थियो भने कक्षा संचालनको अघि र पछिको अवस्था सम्बन्धमा जानकारी लिन महिला सहयोगी कार्यकर्तासँग प्रश्नावली (परिसिष्ट-४) फाराम प्रयोगमा ल्याइएको थियो ।

अनौपचारिक शिक्षाको नर्म्स अनुसार स्थानीय समुदायवाट नै अनुमोदन गराएर सहयोगी महिला शिक्षकको व्यवस्था गरिएको पाइयो भने उनीहरुलाई एक हप्ताको तालिम दिई आवश्यक पाठ्यपुस्तकका साथ आ-आफ्नो वडामा पठाइएको पाइयो तर अनुसन्धानरत वडाहरु ठूलो भएकाले कक्षा संचालनका लागि केन्द्र तोक्ने क्रममा निकै विवाद आएको पाइयो । पछि स्थानिय भद्र भलाद्मीको सहयोगमा वडा नं. १ मा सहनशिल यूवा क्लवको कोठामा र वडा नं. ७ को मरङ्गेमा एउटा खाली घरमा कक्षा संचालन भएको पाइयो । सरकारको निरक्षर उन्मूलन गर्ने अभियानमा स्थानीय बुद्धिजीवि, राजनीतिक दलहरुले सक्रिय सहयोग गरेता पनि कक्षाको

सुरुवातमा महिलाहरुको उत्साहजनक उपस्थिति देखिएन तर विस्तारै पछि कुरा बुझ्रेर उपस्थिति दर बढेको कुरा महिला सहयोगी कार्यकर्ताले दिएकी थिइन ।

दुवै वडाको कक्षा कोठाको अवस्था अध्ययन गर्दा भुइँमा सुकुल ओछ्याएर दिउँसो ११ वजे देखि १ बजे सम्मको फूर्सदको समयलाई उपयोगमा ल्याउने प्रयास गरिएको पाइयो । शिक्षण सिकाइ क्रियाकलापमा थप शैक्षिक सामग्रीको प्रयोग भएको पाइएन । दुवै स्थानमा अध्यापन विधि भने सहभागितात्मक छलफल विधि नै बढी प्रयोग भएको पाइयो । पिउने पानीको व्यवस्था वडा नं. १ मा भन्दा वडा नं. ७ मा राम्रो पाइयो भने सौचालयको व्यवस्था दुवै स्थानमा राम्रो पाइयो । सहयोगी महिला शिक्षकको उपस्थिति नियमित रहेको र बानी व्यहोरा पूर्णत राम्रो रहेको पाइयो । गा.वि.स. ले सवै वडाको निरीक्षण गर्न एकजना महिला निरिक्षकको व्यवस्था गरिएको पाइयो तर उनले खासै निरिक्षण गर्न सवै वडामा नभ्याएको गुनासो सुनियो । सहभागीहरुले चाहँदा चाहँदै पनि अन्य सन्दर्भ सामग्री पुस्तक तथा पत्रपत्रिकाहरु उपलब्ध गराउन नसकिएको देखियो । क्षेत्रफलको हिसावले ठूलो र अलि विकट क्षेत्र भएकाले घरहरु टाढा-टाढा हुँदा सवैको पाएक पर्ने स्थानमा केन्द्र राख्न नसकिएको र सहभागीहरुको उमेर १६-४२ वर्ष सम्मको रहेकाले उमेरको विविधताको कारण सिक्न सिकाउन केही असजिलो भएको गुनासोहरु पाइयो ।

### ४.२. सहभागीको स्थिती

सिन्धुली जिल्लाको रानिचुरी गा.वि.स. वडा नं. १ र ७ को मुख्य तथ्यांक र नमुना छनोटमा परेका महिलाहरुको घरधुरी सर्वेक्षण फाराम (परिशिष्ट-१) बाट प्राप्त तथ्यांकहरुलाई निम्न तालिकामा प्रस्तुत गरि विश्लेषण गरिएको छ ।

#### ४.२.१ जनसंख्या विवरण

**तालिका नं. ७**

| रानिचुरीको जनसंख्या | | | वडा नं. | जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा |
| ४,६९२ (५३%) | ४,१८९ (४७%) | ८,८८१ (१००%) | १ र ७ | १,०४१ (५२%) | ९५० (४८%) | १,९९१ (१००%) |

श्रोत : राष्ट्रिय जनगणना तथ्याङ्क, २०६८

### ४.२.२ सर्वेक्षणमा परेको जनसंख्या विवरण

**तालिका नं. ८**

| नमूना घरधुरी सर्वेक्षण संख्या | जनसंख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| ४० | ७८ (४६.५०%) | ९० (५३.५०%) | १६८ (१००%) |

माथिको तालिका नं. ७ मा अध्ययनरत वडाको जम्मा जनसंख्यामा ४% ले महिलाको संख्या बढी देखियो भने तालिका नं. ८ को नमूना सर्वेक्षणबाट प्राप्त तथ्याङ्कमा ७% ले महिलाको संख्या बढी पाइयो । यसबाट पनि प्रष्ट हुन्छ की महिलाको जनसंख्या वृद्धिदर तीव्र रहेको छ ।

### ४.२.३ लिङ्ग र उमेरको आधारमा जनसंख्या वितरण

**तालिका नं. ९**


| उमेर समूह वर्ष | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | जम्मा | % | जम्मा | % | जम्मा | % |
| ०-५ वर्ष | ३ | ३.८० | २ | २.२५ | ५ | २.९८ |
| ६-१४ वर्ष | १९ | २४.५ | १५ | १६.८५ | ३४ | २०.२४ |
| १५-४५ वर्ष | ४८ | ६०.७५ | ६४ | ७१.९२ | ११२ | ६६.६६ |
| ४६ वर्ष माथि | ९ | ११.४० | ८ | ८.९८ | १७ | १०.१२ |
| जम्मा | ७९ | १०० | ८९ | १०० | १६८ | १०० |

तालिका नं. ९  अनुसार लिङ्ग र उमेरको आधारमा यस क्षेत्रमा नावालक (०-५) को संख्या अति न्यून पाइयो । जहाँ छोरा भन्दा छोरी १ जनाले कमी देखियो । १५-४५ वर्ष उमेर समूहमा भने महिलाहरुको संख्या ११.१७% ले बढी देखियो । यसबाट पनि यो स्पष्ट हुन्छ की जिल्लाको एवं राष्ट्रकै जनसंख्या वितरणमा १५-४५ वर्ष उमेर समूहका महिलाहरुको वृद्धिदर बढ्दो छ ।

## ४.३ साक्षरताको स्थिति


जिल्ला: सिन्धुली | सर्वेक्षण घरधुरी संख्या: ४०


स्थान: रानीचुरी वडा नं. १, भीरगाउँ र वडा नं. ७, मोरङ्गे | सर्वेक्षण जनसंख्या: १६८





माथिको स्तम्भ चित्रमा अनुसन्धान गरिएको क्षेत्रको स्थिति देखाइएको छ। जसमा जम्मा नाबालकको अवस्था स्थितिलाई छाडेर अनौपचारिक शिक्षाको साक्षरोत्तर शिक्षा लिई साक्षर भएका महिला ५३ (३३%) र पुरुष २९ (१८%) पाइयो। स्कूल शिक्षा प्राप्त गरेका र गर्दै गरेका साक्षर महिला २७ र पुरुष ३६ गरी जम्मा ६३ पाइयो। कलेज स्तरमा अध्ययन गरेका महिला ५ र पुरुष १० गरी जम्मा १५ जना पाइयो। निरक्षरहरुमा ४६ वर्ष उमेर समूह माथिका मात्र महिला १ (०.५९%) र पुरुष २ (१.१९%) पाइयो। समग्रमा महिला ८५ (५३%) र पुरुष ७५ (४७%) साक्षर पाइयो। तुलनात्मक रुपमा हेर्दा पुरुषको भन्दा महिलाको नै साक्षरता दर बढी देखिएको छ। यसो हुनुमा यस क्षेत्रमा महिलाको जनसंख्या बढी हुनु र छोरीलाई पनि विद्यालयमा पढाउनु पर्छ भन्ने सकारात्मक सोचको विकास रहेको पाइन्छ।

### जातिगत विवरण:






माथिका तिनवटै वृत्त चित्रको तुलनात्मक अध्ययन गर्दा जम्मा जनसंख्या १६८ जना मध्ये ८० जना (४८%) क्षेत्री, ६३ जना (३७%) तामाङ्ग र वाँकी २५ जना (१५%) अन्य (व्राह्मण, नेवार, कामी, दमाई, मगर) पाइयो । महिलाको संख्यामा ५० (५६%) क्षेत्री महिलाहरु रहेछन् भने दुवै वडामा साक्षरता अभियान कार्यक्रममा सहभागी ४० जना महिलाहरु मध्ये १८ जना (४५%) महिलाहरु क्षेत्री पाइयो भने १५ जना (३७%) तामाङ्ग र ७ जना (१८%) अन्य समुदायका महिलाहरुको सहभागिता पाइयो । वडा नं. १ मा बढी तामाङ्ग समुदायको वाहुल्यता रहेको छ भने वडा नं. ७ मा क्षेत्रीको वाहुल्यता बढी रहेको र तामाङ्गको संख्या न्यून रहेको पाइयो । त्यसैगरी वडा नं. १ मा अन्य समुदायका नेवार, कामी, दमाई, व्राह्मणको संख्या ज्यादै न्यून पाइयो । समग्रमा भन्दा दुवै वडामा महिला सहभागीहरुमा क्षेत्रीको वाहुल्यता रहेता पनि अन्य समुदायको पनि उल्लेख्य सहभागिता देखियो । यसो हुनुमा समयको परिवर्तन सँगै शिक्षाको महत्व बुझ्नु र जाति पातिमा रहेको भिन्नतामा कमी आउनु हुन सक्ने देखिन्छ ।

## ४.४ अभियानले सामाजिक, आर्थिक विकासमा खेलेको भूमिका

अभियानले सामाजिक, आर्थिक विकासमा खेलेको भूमिका बारेमा अध्ययन गर्न परिशिष्ट-४ अनुसारको प्रश्नावली फाराम र परिशिष्ट-५ अनुसारको अवलोकन फारामहरुबाट

प्राप्त उत्तरहरुलाई तालिका नं.- १० र ११ मा प्रस्तुत गरी निम्नानुसार वर्णनात्मक रुपमा विश्लेषण गरिएको छ ।

### ४.४.१ प्रश्नावलीबाट प्राप्त उत्तरहरु

**तालिका नं. १०**

| प्रश्न नं. | प्राप्त उत्तरहरु | | | |
|---|---|---|---|---|
| | उत्तर (क) | उत्तर (ख) | उत्तर (ग) | उत्तर (घ) |
| १ | रमाइलो<br>४० (१००%) | नरमाइलो<br>० (०%) | ठिकै<br>० (०% ) | ठिकठिकै<br>० (०%) |
| २ | नियमित<br>३४ (८५%) | धेरै जसो<br>६ (१५% ) | कहिलेकाँही<br>० (०% ) | बोलाउँदा<br>० (०%) |
| ३ | राम्ररी<br>९ (२२.५%) | सामान्य<br>२६ (६५% ) | थोरै<br>५ (१२.५%) | नजानेको<br>० (०%) |
| ४ | पूर्णतया<br>१०(२५%) | धेरै जसो<br>२५ (६२.५% ) | थोरै<br>५ (१२.५%) | गर्दै गर्दिन<br>० (०%) |
| ५ | धेरै<br>२५ (६२.५%) | सामान्य<br>८ (२०% ) | सहयोग माग्दा<br>७ (७.५%) | असहयोग<br>० (०%) |
| ६ | साक्षर<br>२७ (६७.५%) | निरक्षर<br>३ (७.५%) | एस्.एल्.सी<br>८ (२०% ) | एस्.एल्.सी. पास<br>२ (५%) |
| ७ | विदेश गएर<br>१० (२५%) | खेतीपाती<br>२७ (६७.५% ) | नोकरी<br>० (०% ) | अन्य<br>३ (७.५%) |
| ८ | गरेकी छु<br>१५ (३७.५०) | गरेकी छैन<br>१० (२५% ) | पाएमा गर्ने छु<br>५ (१२.५%) | सोंच बनाएकी छु<br>१० (३७.५०%) |
| ९ | बोर्डिङ्गमा<br>५ (१२.५%) | सरकारी स्कूल<br>३५ (६५% ) | गाउँ बाहिर<br>० (०%) | पढेका छैन<br>० (०%) |

| | | | | |
|---|---|---|---|---|
| १० | श्रीमान्<br>२ (५%) | आफै काम<br>३१ (७७.५% ) | सासु ससुरा<br>० (०%) | अन्य<br>७ (१७.५%) |
| ११ | प्राय जसो<br>२६ (६५%) | सघाउनु हुँदैन<br>० (०% ) | लुकीलुकी<br>१ (२.५%) | सहयोग मागेमा<br>१३ (३२.५%) |
| १२ | पूर्ण<br>१७ (४२.५%) | समय अनुसार<br>२३ (५७.५% ) | गर्दिन<br>० (०%) | मनमनमा<br>०(०%) |
| १३ | १६-१८ वर्ष मुनि<br>११(२७.५%) | १६-१८ वर्ष<br>१४ (३५% ) | १८ वर्ष माथि<br>८ (२०%) | विहे भएको छैन<br>७ (१७.५%) |
| १४ | पूर्ण सहमत<br>७ (१७.५%) | सहमत<br>३३ (८२.५% ) | असहमत<br>० (०%) | पूर्ण असहमत<br>०(०%) |
| १५ | पूर्ण सहमत<br>४० (१००%) | सहमत<br>० (०% ) | असहमत<br>०(०%) | पूर्ण असहमत<br>०(०%) |
| १६ | छोरा<br>७ (१७.५%) | छोरी<br>६ (१५% ) | जेभए पनि हुन्छ<br>२७ (६७.५%) | जुम्ल्याहा<br>०(०%) |
| १७ | श्रीमान्<br>१२ (३०%) | श्रीमती<br>२१ (५२.५% ) | दुवै<br>० (०%) | गरेको छैन<br>७ (१७.५%) |
| १८ | कम्पोष्ट<br>२० (५०%) | रासायनिक<br>० (०% ) | दुवै<br>२० (५०%) | प्रयोग हुँदैन<br>० (०%) |

### ४.४.२ अवलोकन फारामबाट प्राप्त उत्तरहरु

**तालिका नं. ११**

| प्रश्न नं. | प्राप्त उत्तरहरु | | |
|---|---|---|---|
| | उत्तर (क) | उत्तर (ख) | उत्तर (ग) |
| १ | अति सफा १० (२५%) | सफा ३० (७५%) | फोहर ० (०%) |
| २ | अति सफा<br>११ (२७.५%) | सफा<br>२९ (७२.५%) | फोहर<br>० (०%) |
| ३ | अति सफा<br>८ (२०%) | सफा<br>३२ (८०%) | फोहर<br>० (०%) |
| ४ | अति राम्रो १० (२५%) | राम्रो ३० (७५%) | नराम्रो ० (०%) |
| ५ | अति सफा<br>१० (२५%) | सफा<br>३० (८०%) | फोहर<br>० (०%) |

| | | | |
|---|---|---|---|
| ६ | उमालेर<br>११ (२७.५%) | फिल्टर गरेर<br>० (०%) | गाग्रीबाट सारेर<br>२९ (७२.५%) |
| ७ | अति सफा<br>८ (२०%) | सफा<br>३१ (७७.५%) | सामान्य<br>१ (२.५%) |
| ८ | व्यवस्थित<br>४० (१००%) | अव्यवस्थित<br>० (०%) | अति नराम्रो<br>० (०%) |
| ९ | अति राम्रो<br>६ (१५%) | राम्रो<br>३४ (८५%) | नराम्रो<br>० (०%) |
| १० | अति राम्रो<br>६ (१५%) | राम्रो<br>३४ (८५%) | सामान्य<br>० (०%) |
| ११ | राम्रो<br>४० (१००%) | नराम्रो<br>० (०%) | सामान्य<br>० (०%) |
| १२ | राम्रो<br>२९ (७२.५%) | नराम्रो<br>० (०%) | सामान्य<br>११ (२७.५%) |
| १३ | सकारात्मक<br>४० (१००%) | नकारात्मक<br>० (०%) | सामान्य<br>० (०%) |
| १४ | सक्रिय<br>२७ (६७.५%) | निस्कृय<br>० (०%) | सामान्य<br>१३ (३२.५%) |
| १५ | उत्तम<br>० (०%) | मध्यम<br>२६ (६५%) | सामान्य<br>१४ (३५%) |
| १६ | नियमित<br>४० (१००%) | अनियमित<br>० (०%) | न्यून<br>० (०%) |
| १७ | राम्रो सँग<br>१८ (४५%) | सामान्य रुपमा<br>२२ (५५%) | गरेका छैनन्<br>० (०%) |
| १८ | श्रीमान्<br>२३ (५७.५%) | सासु ससुरा<br>३ (७.५%) | अन्य<br>१४ (३५%) |
| १९ | सकारात्मक<br>८२.५%) | नकारात्मक<br>० (०%) | सामान्य<br>७ (१७.५%) |

### ४.४.३ सहभागीता एवं साक्षरता स्थिति

साक्षरता शिक्षाको कार्यक्रमबाट २२.५% महिलाहरुले राम्ररी लेखपढ गर्न सक्ने भएको पाइयो भने ६५% महिलाहरुले सामान्य रुपमा लेखपढ गर्न सक्ने भए । १२.५% महिलाहरु भने केही लेखपढ गर्न सक्ने भए । कार्यक्रममा सहभागी हुँदा सवैलाई रमाइलो र उत्साहपूर्ण लागेको पाइयो भने कार्यक्रम अवधिभर ८५% महिला नियमित सहभागी र १५% महिलाहरु आंशिक सहभागी भएको पाइयो ।

### ४.४.४ पढाइ लेखाई एवं गणीतिय सीप विकास

साक्षरता कक्षाले सहभागीहरुको लेखाइ सीप र गणितिय सीपमा राम्रो सुधार भएको पाइयो । चिठीपत्रको अर्थ लगाई पढ्न सक्ने धेरै भए भने केहीले राम्ररी लेख्न समेत सक्ने भए । ल्याप्चे लगाउनेहरु भर्पाइ पढेर सही गर्न सक्ने भए । लेनदेन तथा हिसाव कितावको कारोबार नअल्मलिइकन गर्न सक्ने भए । सहभागीहरुले पढाइ सीप सजिलै सिकेको र लेखाई सीप सिक्न निकै गाह्रो परेको वताए ।

### ४.४.५ वालबच्चाको शिक्षा सम्बन्धमा

सहभागीहरु बालबच्चाको शिक्षा सम्बन्धमा पूर्ण रुपमा चनाखो भएको पाइयो । दुवै वडाको गाउँमै माध्यामिक तह सम्मको पढाइ हुने विद्यालयमा आफ्ना बच्चा नियमित पठाएको पाइयो भने १२.५% सहभागीले आफ्ना छोराछोरी शहरको वोर्डिङ्ग स्कूलमा पढ्न राखेको पाइयो।

### ४.४.६ लैङ्गिक स्थिति

विभिन्न जात जातिको मिश्रित बसोवास रहेको यस समुदायमा महिला र पुरुष बिच खासै लैङ्गिक विभेद पाइएन । महिला र पुरुष समान रुपमा काममा सहभागी भएको पाइयो । घरायसी काममा प्रायजसो सघाउने श्रीमान/अभिभावकहरु ६५% पाइयो भने मागेमा सघाउने ३२.५% र लुकिलुकि सघाउने २.५% पाइयो । सामाजिक लिङ्गका आधारमा महिला र पुरुषविच गहिरो भेदभाव पाइएन । छोरा या छोरी के चाहनु हुन्छ भनी सोधिएको एक प्रश्नको उत्तरमा छोरा नै पाउनु पर्छ भन्ने मनसाय भएका महिलाहरु १७.५% पाइयो भने छोरी भए पनि हुन्छ भन्नेहरु १५% र जे भए पनि हुन्छ भन्नेहरु ६७.५% महिलाहरु पाइयो ।

### ४.४.७ जनसंख्या तथा परिवार नियोजन सम्बन्धमा

जनसंख्या तथा परिवार नियोजन तर्फ महिला सहभागीहरुको धारणा सकारात्मक पाइयो । उनीहरु जनसंख्या घटाइ सुखी परिवारका लागि परिवार नियोजन गर्नुपर्छ भन्ने कुरामा पूर्ण सहमत थिए भने छोरा वा छोरी जे भए पनि दुई मात्र सन्तान भए पछि परिवार नियोजन गर्नु पर्दछ भन्ने पक्षमा १७.५% महिलाहरु थिए । परिवार नियोजनको स्थायी वा अस्थायी साधन प्रयोग गर्ने पुरुषहरु ३०% पाइयो भने महिलाले उक्त साधन ५२.५% ले प्रयोग गरेको पाइयो ।

१७.५% महिलाहरुले विवाह नै नगरेको पाइयो भने वाँकी अन्य सवै विवाहित पाइयो । जनसंख्या तथा परिवार नियोजन सम्बन्धमा विवाहित तथा अविवाहित सवै महिलाहरुले सकारात्मक मनसाय दिएको हुनाले ग्रामीण महिलाहरुलाई जनसंख्या नियन्त्रणमा सकारात्मक प्रभाव परेको पाइयो ।

### ४.४.८ वातावरण शिक्षा सम्बन्धमा

साक्षरता कक्षामा सहभागीहरुले उक्त कक्षाबाट वातावरण शिक्षा सम्बन्धी जानकारी पाएको वताए । बनजंगलको विनासले खानेपानीको मूल सुक्ने कुरामा सहभागीहरु पूर्ण सहमत पाइयो । साक्षर महिलाहरुले आफ्नो घर वरिपरी सफा राख्ने, धारा, पानी, पँधेरो सफा राख्ने, वरिपरिको वातावरण प्रदुषित हुन नदिने गरेको पाइयो । यसरी निरक्षर महिलाहरुलाई साक्षर बनाउँदै लैजाने हो भने ग्रामीण वातावरण प्रदुषण हुनबाट जोगाउन सकिन्छ ।

### ४.४.९ स्वास्थ्य तथा सरसफाई सम्बन्धमा

साक्षरता अभियान कक्षामा सहभागी सवैले आफ्नो स्वास्थ्य र सरसफाईमा विशेष ध्यान पुऱ्याएको पाइयो । ७५% सहभागीहरुले सफा कपडा लगाउने गरेको पाइयो । छोराछोरी एवं भाई बहिनीहरुको स्वास्थ्य र सरसफाईमा पनि विशेष ध्यान दिइएको देखियो । धुम्रपान स्वास्थ्यको लागि हानीकारक छ र मादक पदार्थ सेवन गर्नु हुँदैन भन्ने कुरामा सचेत देखिएता पनि केहि व्यक्तिले धुम्रपान गर्ने गरेको पाइयो । बालबालिकाहरुलाई पोषण यूक्त खाना खुवाउनु पर्छ र नियमित खोप केन्द्रमा गएर आवश्यक खोप लगाउनु पर्ने कुरामा शत प्रतिशत महिलाहरु सचेत पाइयो ।

### ४.४.१० आय आर्जन सीप तथा स्रोत परिचालन सम्बन्धमा

आफ्नो खेतवारीमा कम्पोष्ट मलको मात्र प्रयोग गर्ने महिला ५०% पाइयो भने कम्पोष्ट र रासायनिक दुवै मल प्रयोग गर्ने पनि उत्तिकै पाइयो । महिलाहरु स्वयंले स्थानीय स्रोत र साधनको प्रयोग गरी चर्पी, धारा बनाएको पाइयो भने अधिकांश महिलाहरुले घरमा राम्रो कम्पोष्ट मल तयार पारेको देखियो । आयआर्जनको लागि यहाँका महिलाहरुले विभिन्न संघ संस्थाको तालिम लिएर आधुनिक तरिकाले बाख्रापालन, भैँसीपालन, कुखुरापालन, तरकारी खेती समेत गरेको पाइयो । ७७.५% महिलाहरु आयआर्जन सम्बन्धी घरेलु पेशामा संलग्न देखिए भने

१५% महिलाहरु अवसरको खोजीमा रहेको पाइयो । आफूसँग उपलब्ध स्रोत र साधनको सदुपयोग गरी अधिक्तम् उपलब्धि प्राप्त गर्ने दिशा तर्फ उन्मुख हुन साक्षरता कार्यक्रमले थप मद्धत गरेको पाइयो ।

### ४.४.११ आर्थिक तथा सामाजिक अवस्था सम्बन्धमा

अधिकांश सहभागीहरुको प्रमुख घरेलु पेसा कृषि रहेकाले पनि आय आर्जनको प्रमुख स्रोत कृषि नै पाइयो । २५% सहभागी महिलाका श्रीमान/अभिभावक विदेश गएका र अन्य सवैको गाउँमै बसी आयआर्जन सम्बन्धी काममा संलग्न रहेको पाइयो । सहभागी महिलाहरु मध्ये अधिकांसको घरायसी आर्थिक अवस्था मध्यम नै पाइयो भने समाजमा उनीहरु छुवाछुत जस्तो अमानवीय प्रथामा विश्वास नगरी समान व्यवहार गर्ने गरेको पाइयो । महिलाहरुले आफ्नो आर्थिक अवस्था मजबूत बनाउन विभिन्न संघसंस्थाहरु, आमा समूह, गरीबी निवारण समुह, ग्रामीण बैंक आदिमा बचत कोष स्थापना गरी कोषबाट आर्थिक सहयोग लिने र समस्याको गर्जो टार्ने कृयाकलापमा साक्षरता शिक्षाले सहज बनाएको पाइयो ।

### ४.४.१२ सामुदायिक सहभागीता सम्बन्धमा

साक्षर महिलाहरु र सहयोगी महिला शिक्षक एवं संस्था प्रतिको सम्बन्ध पूर्णत सकारात्मक पाइयो । सहभागी महिलाहरु विभिन्न संघ संस्था जस्तो आमा समुह, महिला समूहमा आबद्ध भएर सामाजिक कार्य गरेको पाइयो । हरेक विकास निर्माणका काममा पुरुष सरह नै हातेमालो गर्दै ढुंगा बोक्ने, खन्ने, मलाम जाने गरेको पाइयो । विद्यालय बनाउने, ग्रामीण सडक बनाउने, वृक्षारोपण गर्ने कार्यमा उनीहरुको सक्रिय सहभागिता पाइयो । लिङ्गको आधारमा कुनै भेदभाव गरिएको पाइएन । सामाजिक सेवामा तथा सामुदायिक कार्यमा महिला-पुरुष दुवैको पूर्ण र सकारात्मक सम्बन्ध रहनु पर्दछ भन्ने कुरा साक्षरता शिक्षाले नै सिकाएको पाइयो ।

### ४.४.१३ महिला प्रतिको दृष्टिकोण सम्बन्धमा

घरपरिवारबाट महिलाहरुमा सकारात्मक दृष्टिकोण राखि सहयोग गरेको पाइयो । सामुदायिक कार्यमा अवसर पाए महिलाले अझ सक्रिय भई काम गर्न सक्छन् भन्ने सोच राखेको पाइयो । साक्षरता कक्षामा सहभागी हुन घर परिवार, श्रीमान्ले सहयोग गरेको पाइयो ।

सबै सहभागीहरुको श्रीमान् तथा अभिभावक स्वयं नै साक्षर रहेकाले पनि महिलाहरु प्रति हेर्ने दृष्टिकोण सकारात्मक पाइएको छ । केही वर्ष अघि सम्म १८ वर्ष नपुग्दै विहे गर्ने प्रथालाई तोड्दै १८ वर्ष पछि मात्र विवाह गर्ने सोंचको विकास गरेको पाइयो । अव महिलाहरु आफू आयआर्जन एवं सीप विकासमा सक्षम भएपछि विहे गर्नुपर्छ भन्नेहरु पनि प्रशस्त पाइयो । महिलाले महिलाहरु प्रति गरिने व्यवहार र हेरिने दृष्टिकोण समेत पूर्णत सकारात्मक नै पाइयो । स्थानिय समुदायबाट महिलाहरु प्रति राखिने सोचमा ८२.५% को सकारात्मक पाइयो भने १७.५% को सामान्य पाइयो । महिलाहरु बाहिरियाहरुसँग समेत स्पष्ट र निर्धक्क कुरा गर्न सक्ने भएकाले कुनै पनि कार्यमा महिला सहभागिता छुटाउनु हुँदैन भन्ने दृष्टिकोण राखिएको पाइयो ।

कार्यक्रमको रमाइलो क्षण वताउने क्रममा अधिकांस महिलाहरुले पढ्न पाउँदा, नयाँ कुरा सिक्न पाउँदा, साक्षर हुन पाउँदा, नाचगान गर्न पाउँदा, सामान्य हिसाब गर्न जान्दा ज्यादै रमाइलो लागेको वताए । केहीले भने बच्चा रुवाएर आउनु पर्दा र समयमै उपस्थित हुनु पर्दा सुरु-सुरुमा अप्ठ्यारो भएको महसुस सुनाए ।

साक्षरता कार्यक्रममा सहभागी भइसके पछि उनीहरुमा आय आर्जन सम्बन्धि नयाँ काम गर्ने सोंचको विकास भएको, नाम लेख्न, चिठी पढ्न र लेख्न, समान्य हिसाव जानेको, स्वास्थ्य र सरसफाइमा ध्यान दिन सकिएको, बालबच्चाको शिक्षाप्रति सचेत रहेको, कम्पोष्ट मलको प्रयोग जानेको जस्ता सीपको विकास भएको पाइन्छ । घरपरिवारमा पनि आफ्नो भूमिका निर्वाह गर्न सक्ने भई समुदायमा खुलेर कुरा गर्न सकेको पाइयो । महिलाहरु मिलेर पढ्न उपस्थित हुँदा छिमेकीहरु खुशी भएको आमा समुह, महिला समुहमा वचत कोष स्थापना गरेको, विद्यालयका शिक्षकहरुले तथा सहयोगी संघ संस्थाका व्यक्तिहरुले पढ्नमा हौसला प्रदान गर्दै आगामी थप कार्यक्रम ल्याउन सहयोग गर्ने भनी प्रेरणा दिएको पाइयो । घरको काम श्रीमान् र अन्य सदस्यहरुसँग समेत मिलेर गरेको पाइयो । साक्षरता कार्यक्रमको अवधि भरमा आइ परेका समस्याहरु सम्बन्धमा अध्ययन गर्दा घरको काममा बाधा पर्नु, सिकेको कुरा घरायसी कामले विर्सनु, आर्थिक तथा पारिवारिक समस्या पर्ने गरेको पाइयो । केटाकेटीहरु रुवाएर आउनु पर्ने, पानी पर्दा बाटो चिप्लो भएर आउन जान असजिलो हुने, गुन्द्रीमा बसेर पढ्नु पर्ने बाध्यता साथै कम उमेरकालाई पाका उमेरसँग र पाका उमेरकालाई कम उमेरसँग सँगै राखेर पढाउँदा सिक्न सिकाउनमा समस्या परेको पाइयो साथै शैक्षिक सामग्रीको कम प्रयोग भएको गुनासो पाइयो । उपरोक्त समस्याहरुको समाधान कसरी गर्ने ? भनी सोधिएको प्रश्नमा सहभागीहरुले घरको

काममा पुरुष तथा अन्य सदस्यहरुले सघाउनु पर्छ भने । सबै मिलेर विद्यालय निर्माण गर्ने, वृक्षारोपण गर्ने, सिकेको सीपलाई प्रयोगमा ल्याउने र महिला-पुरुषमा कुनै पनि काममा भेदभाव नगर्ने गर्नुपर्छ भने । साक्षरता कार्यक्रममा सिकाइको कुरा गर्दा एक जना २० वर्ष भन्दा कम उमेरका महिला सहभागीले यसो भनिन्- “हामीहरुलाई पढाउँदा अलि उमेर ढल्केका (प्रौढ) र हामी जस्ता (बयस्क) लाई दुई अलग अलग समूहमा राखेर पढाईएको भए अझ राम्रो हुन्थ्यो ।” केही सहभागीहरुले सहयोगी महिला शिक्षकको तलब सरकारले कम दिएको गुनासो समेत गरे । पर्याप्त मात्रामा शैक्षिक सामग्री र बस्नका लागि केही थप व्यवस्था समेत गरी समय समयमा जि.शि.का. का कर्मचारी तथा अन्य संघ-संस्थाका ठूला मान्छे आएर हौसला बढाइदिनु भएको भए थप प्रभावकारी हुने सहभागीहरुले वताए ।

समग्रमा भन्नु पर्दा अन्य स्थानमा राज्यले लगानी गरे अनुसार साक्षरता कार्यक्रम प्रभावकारी र उपलब्धीमूलक हुन नसकिरहेको भन्ने समाचार आईरहँदा साक्षरता अभियान कार्यक्रमले यहाँका महिलाहरुमा साक्षरता, समानता र सशक्तीकरणको स्थिति उच्च रहेको र यस क्षेत्रका महिलाको सामाजिक, आर्थिक अवस्था उकास्नमा सकारात्मक भूमिका खेलेको पाइयो ।

# परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१.१ साक्षरता दर र लैङ्गिक अवस्था

सिन्धुलीको रानिचुरी-१ मा जम्मा ११४७ जना र रानिचुरी-७ मा ८४४ जना गरी जम्मा जनसंख्या १९९१ जना रहेकोमा दुवै वडामा गरी महिलाको संख्या १०४१ (५२%) र पुरुषको संख्या ९५० (४८%) रहेको पाइयो । जिल्ला शिक्षा कार्यालय, अनौपचारिक शिक्षा कार्यक्रम महिला साक्षरता दोस्रो पश्चात् अध्ययन अनुसन्धान गर्दा रानिचुरी-१ मा महिला साक्षरताको स्थिति ९१% पाइएको छ भने रानीचुरी-७ मा महिला साक्षरताको स्थिति ९५% पाइयो भने पुरुष साक्षरता ९६% पाइयो । दुवै वडामा समग्रमा ९३ प्रतिशत महिलाहरु साक्षर भएको पाइयो । समग्र रुपमा महिला ४९% र पुरुष ५१% साक्षर भएको पाइयो । दुवै वडामा गरी ४० जना महिला सहभागीहरु मध्ये ४५% क्षेत्री, ३७% तामाङ्ग र १८% अन्य जाती रहेको पाइयो ।

यस अघि पनि विभिन्न चरणमा प्रौढ शिक्षा, महिला शिक्षा जस्ता विभिन्न साक्षरता कार्यक्रम संचालन भइसकेको कारण यी वडाहरुमा साक्षरताको दर केही माथि देखिएता पनि शत प्रतिशत साक्षरता भने पाइएन । कार्यक्रममा सहभागी महिलाहरुले नाम लेख्न, चिठी पढ्न लेख्न, साधारण हिसाव किताब गर्न, व्यक्तिगत एवं पारिवारिक स्वास्थ्य र सरसफाइमा ख्याल राख्न एवं छोराछोरी तथा भाइ वहिनीहरुको शिक्षामा सक्दो ध्यान दिन, आयमूलक काम गर्न, वातावरण संरक्षण गर्न, जनसंख्या नियन्त्रण एवं परिवार नियोजनमा सचेत रहन, लैङ्गिक समानता सक्दो कायम राख्न कृषिमा सुधार गर्न, स्थानीय समुहमा आबद्ध हुन, पुरुषहरु सँगै सक्दो गर्न, निर्धक्क बोल्न र छुवाछुतको विरोध गर्न समेत सक्षम भएको पाइयो ।

### ५.१.२ प्राप्ति

साक्षरता अभियानको यस साक्षरता शिक्षा कक्षा संचालन पश्चात् सहभागीहरुले आफ्नो सामाजिक आर्थिक व्यवहारमा आइपर्ने सामान्यतया व्यवहारिक समस्याहरु समाधान गर्न सक्षम भएका छन् । अधिकांश सहभागीहरुको आय आर्जनको प्रमुख स्रोत कृषि नै रहेको यस क्षेत्रमा विभिन्न जातजातिका मानिसहरु बिचको सामाजिक रहनसहनमा समेत एकरुपता पाइयो ।

सहभागीहरु मध्ये अधिकांश महिलाहरु (६५%) को घरायसी आर्थिक-सामाजिक अवस्था मध्यम रहेको र केही महिलाहरु (३५%) को अवस्था सामान्य रहेको पाइयो । जातिपाती र छुवाछुत तथा धामी झाँक्रीमा खासै विश्वास गरेको पाइएन । महिलाहरुले समाजमा आफ्नो आर्थिक अवस्था मजवुत बनाउन 'पेवा' राख्ने तथा विभिन्न संघ संस्थाको कोषबाट आर्थिक सहयोग र समस्याको गर्जो टार्न समेत साक्षरता शिक्षाले सहयोग गरेको पाइयो । साक्षरता शिक्षाको परिणाम स्वरुप सहभागीहरुको सोचाई र व्यवहारमा पनि परिवर्तन आएको पाइएको छ । सामाजिक एवं सांस्कृतिक कार्यमा सहयोग गर्ने र फजूल खर्च गर्नबाट सतर्क रही आएको पाइएको छ । महिलाहरु स्वयंले स्थानिय साधन र स्रोतको प्रयोग गरी चर्पी निर्माण गरेको पाइयो । आफ्ना छोरा-छोरीको उमेर पुगेपछि र शिक्षा लिइसकेपछि मात्र विवाह गर्नुपर्दछ भन्ने कुरा सवै सचेत देखिए । आयआर्जन बढाउन तरकारी खेती, कुखुरापालन, बाख्रापालन, फलफूल खेती जस्ता आधुनिक खेती तर्फ अघि बढ्न साक्षरता कार्यक्रमले हौस्याएको पाइयो । छोराछोरी प्रतिको व्यवहार समान पाइयो भने समाजमा रहेको विकृतिहरु जाँड रक्सी खाने, जुवा तास खेल्ने, हो-हल्ला गर्ने जस्ता कार्यको विरुद्ध सामुहिक रुपमा आवाज उठाएको पाइयो । समग्रमा भन्दा साक्षरता कार्यक्रमले महिलाहरुको सशक्तिकरण र आर्थिक अवस्था उच्च राख्न सकारात्मक भूमिका खेलेको पाइयो ।

हरेक काम एक्लै गर्नु भन्दा समुदायमा रहेका व्यक्तिहरु मिलेर गर्दा पक्कै पनि सफल भइन्छ भन्ने विश्वास संगठन र एकता सहभागीहरुमा पाइएको छ । सहभागीहरुमा हामी पनि केही गर्न सक्छौं भन्ने आत्मविश्वास वृद्धि भएकाले उनीहरु आमा समूह, महिला समूहमा आवद्ध भएर सामुहिक कार्य गरेको पाइयो । यहाँका महिलाहरु बाटो बनाउने, विद्यालय बनाउने, वृक्षारोपण गर्ने जस्ता कार्यमा सक्रिय सहभागिता जनाएको पाइयो ।

लिङ्गको आधारमा भेदभाव नगरी सामाजिक कार्यमा महिलाहरुको सक्रिय सहभागीता जनाउने कार्यमा सकारात्मक सोचको विकास गर्न साक्षरता शिक्षाले नै सहयोग पुऱ्याएको पाइयो । सामुदायिक विकास कार्यमा सक्रियतापूर्वक सदैव लागी रहने महिलाहरु ६७.५% पाइयो । समुदायले बोलाएको बैठकमा पुरुषको प्रतिनिधिको रुपमा समेत उपस्थित भएर प्रस्तावहरु राख्न र निर्णय गर्न गराउन समेत सक्षम भएको पाइयो ।

सहभागी परिवारका सदस्यहरुमा अपेक्षित परिवर्तन पाएर नै अभिभावकहरुले आफ्ना परिवारका महिला सदस्यहरुलाई साक्षरता शिक्षा कक्षामा सहभागी हुन अनुमति दिएको पाइयो ।

जुन कार्यक्रमको सकारात्मक पक्ष हो । सहभागी घर परिवारबाट महिलाहरुमा सकारात्मक दृष्टिकोण राखी सहयोग गरेको पाइयो । साक्षरता कक्षामा सहभागी हुने क्रममा पनि घर परिवार, श्रीमान तथा अभिभावकहरु स्वयं साक्षर रहेकोले पनि महिलाहरु प्रतिको दृष्टिकोण सकारात्मक देखियो । सहयोगी महिला शिक्षकका अनुसार सहभागीहरुको व्यवहारमा साक्षरता कार्यक्रमले राम्रै प्रभाव पारेको देखियो । उनीहरुका अनुसार सहभागी महिलाहरुमा घरको व्यवस्थापन, वातावरण सुधार, स्वास्थ्य र सरसफाइमा विशेष ध्यान, बालवालिकाको शिक्षा, सामाजिक व्यवहार र आय वृद्धि जस्ता कुराहरुमा परिवर्तन भएको पाइयो । केही वर्ष अघि सम्म १८ वर्ष नपुग्दै विहे हुने गरेता पनि पछिल्लो समयमा १८-२० वर्ष भन्दा माथि विवाह गरेको पाइयो । महिलाहरु आफू शिक्षित, आय आर्जन एवं सीप विकासमा सक्षम भएपछि विहे गर्नुपर्छ भन्नेहरु पनि पाइएका छन् । सहयोगी महिला शिक्षक र जिल्ला शिक्षा कार्यालय, सिन्धुली र गा.वि.स. का निरिक्षकको भनाई तथा अध्ययनकर्ता स्वयंको अध्ययन अवलोकनबाट महिलाले महिलाहरुप्रति गरिने व्यवहार र हेरिने दृष्टिकोण समेत पूर्णतः सकारात्मक पाइयो । कुनै पनि वैठक, गोष्ठि, समारोहमा महिलाहरु स्पष्ट र निर्धक्क कुरा गर्न तथा राख्न सक्ने भएकाले महिलालाई शिक्षा दिलाउन र कुनै पनि कार्यमा महिला सहभागिता छुटाउनु हुँदैन भन्ने दृष्टिकोण समग्र समुदायबाट पाइयो ।

**५.२ निष्कर्ष**

यस अध्ययनमा प्राप्त भएका तथ्याङ्कहरुको विश्लेषणबाट निम्नलिखित निष्कर्ष प्रस्तुत गरिएको छ ।

साक्षरता अभियान महिला साक्षरता भाग-२ को कार्यक्रम पश्चात् यस क्षेत्रमा समग्रमा ९३% महिलाहरु साक्षर भएको पाइयो । यसबाट साक्षरता कार्यक्रम फलदायी र उपयोगी भएको पाइएको छ तर यतिकैमा सन्तोष मानेर बस्नु हुँदैन । साक्षरता दरलाई १००% पुऱ्याउन थप शैक्षिक कार्यक्रमहरु ल्याउन जरुरी देखिन्छ । सहभागीहरुमा पढाइ, लेखाइ र अंक गणितिय सीपमा वृद्धि भई व्यवहारिक रुपमा प्रयोग भइरहेको पाइएको छ । लेखापढी एवं गणितीय सामान्य समस्याहरु समाधान गर्न सक्षम देखिएका छन् । यसलाई दीर्घकाल सम्म टिकाइ राख्न सहभागीहरुलाई पुर्नताजगी शैक्षिक तालिमहरु दिइनुपर्दछ र साक्षरताको स्तर लेखाजोखा गरिरहनु पर्दछ । साक्षरता कार्यक्रमबाट सिकेका साक्षरता सीप र कार्यमूलक ज्ञानका कुराहरु प्रयोगको अभावमा सहभागीहरुले विर्सदै जाने सम्भावना रहेको देखिन्छ । यस्ता सीप एवं ज्ञानहरु

ह्रास एवं लोप हुन नदिनको लागि साक्षर महिलाहरुलाई बेला-बेलामा साक्षरता एवं सन्दर्भ सामग्रीहरुको उपलब्ध गराउने र कृषि, स्वास्थ्य तथा सरसफाइ, सामाजिक सुधार, कानूनी सचेतना सम्बन्धी उपयोगी थप कार्यक्रम बनाई सहभागी गराइरहनु पर्दछ ।

साक्षरता कार्यक्रम संचालन हुँदा समयमै आवश्यक आधारभूत सामग्रीहरु उपलब्ध भएता पनि थप सन्दर्भ शैक्षिक सामग्री एवं पत्रपत्रिकाको व्यवस्था गरिएको पाइएन । तसर्थ यस्ता सामग्रीको उपलब्धता समयमै हुन आवश्यक देखिन्छ । एकतामा नै बल हुन्छ भन्ने विश्वास सहभागीहरुमा रहेकाले उनीहरुलाई विभिन्न समुह गठन गरी सामुहिक काम गर्न हौसला दिने र पुरुषहरुले गठन गरेका संघ-संस्थामा पनि महिलाहरुलाई अनिवार्य उपस्थित गराउनु पर्ने देखिएको छ ।

## ५.३ सुझावहरु

साक्षरता कार्यक्रमका सहभागीहरुमा घरायसी आर्थिक समस्या रहेको, केही सहभागीहरु गरीबीको चपेटामा परेका र बालवच्चाहरु रुवाइ छाडेर हिड्नु पर्ने समस्याहरु रहेको, टाढा-टाढाबाट पनि आउनु पर्दा वर्षामा खोला नालाको समस्या रहेको पाइयो । यी सबैको समाधानका लागि सीपमूलक एवं आय आर्जन सम्बन्धी तालिमहरु दिई समुदायमा जुन कुनै पनि कार्यक्रम ल्याइनु पर्दछ र आवश्यक कक्षा संख्या सहभागीहरुको केन्द्रविन्दु रहने ठाउँमा थप गर्नु पर्ने देखिन्छ । नेपाल सरकार जिल्ला शिक्षा कार्यालय मार्फत कोटा प्रणाली अनुसार तथा स्थानीय आवश्यकता अनुसार साक्षरता कक्षाहरु संचालन भएकाले पनि कार्यक्रमको थप प्रभावकारीता देखियो । यस्ता कार्यक्रमहरु अन्य स्थानमा पनि संचालन गरी पूर्ण सक्षरताको अभियानलाई सफल बनाउन आवश्यक देखिन्छ । साक्षरता कार्यक्रमको सञ्चालन र व्यवस्थापन गा.वि.स. मार्फत जि.शि.का आफैंले गरेकाले सवै स्थानमा उसले राम्रोसँग निरिक्षण र सुपरीवेक्षण गर्न नसकेको महसुस गरियो । तसर्थ स्थानिय क्लव/संस्था मार्फत यस्ता साक्षरता कार्यक्रम संचालन गरिएको भए बढी प्रभावकारी हुने थियो । त्यस्तै साक्षरता कार्यक्रम संचालन र सहजीकरण गर्ने क्रममा सहयोगी महिला शिक्षकको तलब र सुविधा कम भएको पाइयो । यसको लागि उनीहरुलाई थप सुविधाको व्यवस्था गर्न सके कक्षा प्रभावकारी रुपमा संचालन गराउन अझ हौसला प्राप्त हुने थियो । सहयोगी महिला शिक्षकहरुलाई एक हप्ताको मात्र अभिमुखीकरण तालिम दिएर कक्षा संचालन गर्ने जिम्मेवारी दिइएको कारण उनीहरुलाई प्रौढ

मनोवैज्ञानिकता बुझ्न कठिन भएको तथा शैक्षिक सामग्री निर्माण र प्रयोगमा अप्ठ्यारो भएकाले अलि लामो तालिम र सामग्री निर्माण सम्बन्धी विशेष तालिम दिइनु जरुरी देखिन्छ ।

कक्षा संचालन गर्न नजिकमा विद्यालय नभएकाले खाली घर तथा क्लव घरमा वसेर साक्षरता कक्षा संचालन गरिएकाले त्यहाँ उपयुक्त वातावरण देखिएन । सहभागीहरुले सकुलमा बसेर पढ्दा-लेख्दा अप्ठ्यारो भएको महसुस गरियो । तसर्थ, सम्बन्धित निकायले निश्चित स्थानमा उपयुक्त वेन्चमा बसेर अध्ययन गर्ने वातावरण मिलाउन आवश्यक देखिन्छ । साक्षरता कक्षाको मुख्य शिक्षण विधि सहभागीतात्मक छलफल मात्र पाइयो । गणीतीय सीप र लेखाइमा यो विधिले त्यति महत्व राख्दैन । तसर्थ, भूमिका निर्वाह (Role Play), मुख्य शब्द (Key Word) र प्रयोगात्मक विधिहरु समेत प्रयोगमा ल्याइनु पर्दछ । साक्षर महिलाहरुले स्थानीय समुदायमा समाज परिवर्तकको रुपमा आफ्नो भूमिका निर्वाह गर्न चाहेको देखिएको छ । यसको लागि कार्यक्रमलाई अझ राम्ररी कार्यान्वयन र विकासमा समेत प्रभावकारी भूमिका निर्वाह गराउन सकिन्छ ।

कक्षाको समय समयमा निरिक्षक तथा स्थानिय संघ संस्थाले निरिक्षण र आवश्यक सल्लाह सुझाव दिएमा सहभागीहरुमा उत्प्रेरणा जाग्दछ र सहयोगी शिक्षकले पनि शिक्षण कलालाई अझ प्रभावकारी बनाउँदै लैजाने देखिन्छ । १५-४५ वर्ष उमेर समुहका महिलाहरुलाई एकै स्थानमा राखेर कक्षा संचालन गरिएकाले सहभागीहरुका अनुसार बढी प्रभावकारी हुन सकेन । तसर्थ संभव भएसम्म १६-३० वर्ष उमेर समूहका वयस्क प्रौढहरुलाई र ३०-४५ वर्ष उमेर समूहका प्रौढहरुलाई अलग-अलग कक्षामा सहभागी गराइनु पर्दछ । अवलोकन एवं सहभागीहरुको भनाइ अनुसार पनि छोरा छोरीको शिक्षा, लैङ्गिक समानता, स्वास्थ्य, सरसफाई एवं पोषण, जनसंख्या शिक्षा, कृषि शिक्षा, स्थानीय साधन र स्रोतको परिचालन एवं सीपमूलक आयआर्जन तथा सामाजिक कार्य जस्ता विषयवस्तुमा सहभागीहरुले बढी चाख राखेको पाइयो । अतः साक्षरता शिक्षण कार्यक्रमलाई अझ सशक्तिकरण तर्फ उन्मुख बनाई सहभागीहरुको रुची र आवश्यकताको आधारमा अगाडी बढाउनु उपयुक्त हुनेछ ।

साक्षरता कार्यक्रम संचालन भएका स्थानमा सहभागीहरुलाई पाठ्यपुस्तकको अतिरिक्त अन्य सन्दर्भ सामग्री, पुस्तक तथा पत्रपत्रिकाहरु उपलब्ध गराइएको पाइएन । यस्ता सामग्रीहरु नियमित उपलब्ध गराउनु पर्दछ । संभव भए सम्म कार्यक्रम समाप्ती पछि सोही स्थानमा

स्वाध्ययन केन्द्रको स्थापना गर्न गराउन सकिएमा सहभागीहरुमा अझ बढी शिक्षा आर्जन गर्ने प्रेरणा मिल्दछ । सन् २०१५ सम्मको पूर्ण साक्षरताको अभियानलाई सफल पार्न यस्ता कार्यक्रम संचालन पश्चात् पनि दिर्घकाल सम्म प्रभाव पार्ने सीप कला, प्रविधि ज्ञानको तालिम संचालन हुन आवश्यक देखिन्छ ।

# सन्दर्भ सामाग्री


अधिकारी, विष्णुप्रसाद, वृहद शैक्षिक सामान्य ज्ञान (२०६८), काठमाण्डौ : आषिस बुक्स हाउस

अनौपचारिक शिक्षा तथा साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६५), अनौपचारिक शिक्षा केन्द्र, सानो ठिमी, भक्तपुर ।

काफ्ले, बासुदेव र सिन्हा, रामस्वरुप (२०६१) शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा, काठमाण्डौ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

खनाल, पेसल (२०६०), शैक्षिक अनुसन्धान पद्धति, काठमाण्डौ : स्टुडेन्ट्स बुक पब्लिसर्स ।

गौतम, दिनानाथ (२०६०), नेपालको शैक्षिक दिग्दर्शन, काठमाण्डौ : लुम्बिनी पुस्तक भण्डार ।

जीवन कार्की (२०६५), प्रौढ कक्षा र यसको सान्दर्भिकता, ठाकुरराम क्याम्पस, विरगंज, अप्रकाशित सोधपत्र

तिमल्सिना, विनोदखण्ड (२०६१), शैक्षिक अनुसन्धान पद्धति, काठमाण्डौ : क्षितिज पुस्तक भण्डार ।

वस्नेत, होमवहादुर (२०५९), अनौपचारिक शिक्षा कार्यक्रमको प्रभावकारीता एक अध्ययन, त्रि.वि.वि., नेपाल, अप्रकाशित शोधपत्र ।

नेपालको अन्तरिम संविधान २०६३, नेपाल सरकार ।

महिला शिक्षा पाठ्यक्रम (२०६१) परिमार्जित दोस्रो संस्करण, शिक्षा तथा खेलकुद मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र, भक्तपुर ।

वार्षिक बुलेटीन (२०६८), जि.शि.का., सिन्धुली ।

राष्ट्रिय योजना आयोग (२०६८) बाह्रौं त्रिवर्षीय योजना (२०६७/०६८-२०६९/०७०) काठमाण्डौः राष्ट्रिय योजना आयोग ।

रेग्मी, पुष्कर (२०६५), अनौपचारिक शिक्षामा महिलाको पहुँच सम्वन्धि एक अध्ययन, त्रि.वि.वि., नेपाल, अप्रकाशित शोधपत्र ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्रकुमार (२०५८), शिक्षाका आधारहरु, भोटाहिटी, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मला (२०५३), शिक्षाको दर्शनशास्त्रीय र समाज शास्त्रीय आधार, काठमाण्डौ : एम्.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला, शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा, (२०६३), काठमाण्डौ : एम्.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०६०), विकासको निम्ती शिक्षा, त्रिपुरेश्वर, काठमाण्डौ ।

शिक्षक आवाज (२०६८), नेपाल राष्ट्रिय शिक्षक संगठन, सिन्धुली ।

शिक्षक मासिक (२०६९), ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड, ललितपुर ।

Archarya Sushan (1999), Empowerment, Literacy and community organization. University of Massachusetts Amherst, Unpublished doctoral dissertation.

Archarya, Sushan (2004), Democracy, Gender Equality and Women's Literacy: Experience from Nepal, Kathmandu, UNESCO.

## अनुसूची १

# सार्क राष्ट्रहरुमा महिलाको स्थिति

| राष्ट्र | महिला साक्षर % | पुरुष साक्षर % | कुल साक्षर % |
|---|---|---|---|
| भारत | ४८.३ | ७०.२ | ५९.५ |
| नेपाल | ५७.४ | ७५.१ | ६५.९ |
| पाकिस्तान | ३०.६ | ५९.८ | ४५.७ |
| श्रिलंका | ९०.० | ९४.८ | ९२.३ |
| वंगलादेश | ३१.८ | ५३.९ | ४३.० |
| माल्दिम्स | अप्राप्त | अप्राप्त | ९५.५ |
| भुटान | अप्राप्त | अप्राप्त | ४२.२ |
| अफगानिस्थान | अप्राप्त | अप्राप्त | अप्राप्त |

**स्रोतः वृहद शैक्षिक सामान्य ज्ञान, २०६८**

## अनुसूची २

| | |
|---|---|
| **प्रथम पञ्चवर्षीय योजना**<br>(२०१३/०१४-२०१७/०१८)<br>यस योजनामा महिला शिक्षा भनेर अलग्गै व्यवस्था गरिएन । प्रौढ शिक्षा (महिला पुरुष दुवै) को व्यवस्था गरियो । समग्र रुपमा देशभर एकै किसिमको शिक्षाको प्रचार गर्ने नीति अवलम्वन गरियो । | **दोस्रो पञ्चवर्षीय योजना**<br>(२०१९/०२०-२०२१/०२२)<br>यस योजनामा पनि महिला शिक्षा भनेर स्पष्ट किटान भएन । प्रौढ शिक्षा (महिला पुरुष दुवै) संचालन भयो । प्रौढ शिक्षाको कक्षा अवधि ६ महिनाबाट बढाई ९ महिना वनाइयो । |
| **तेस्रो पञ्चवर्षीय योजना**<br>(२०२२/०२३-२०२६/०२७)<br>करिव एक लाख प्रौढ (महिला पुरुष दुवै) हरुलाई साक्षर वनाउने र शिक्षा पाएका प्रौढहरुसँग वरावर सम्पर्क राखी निजहरुले जानेका कुरा विर्सन नदिने व्यवस्था गरियो । | **चौथो पञ्चवर्षीय योजना**<br>(२०२७/०२८-२०३१/०३२)<br>यस योजना अवधिमा प्रौढ शिक्षालाई विस्तार गरी साक्षरताको प्रतिशत ११.८ वाट १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको थियो । |
| **पाँचौ पञ्चवर्षीय योजना**<br>(२०३२/०३३-२०३६/०३७)<br>प्रौढ शिक्षा कार्यक्रमहरु बढी प्रभावकारी रुपमा संचालन गर्ने । प्राथमिक तहमा तालिम प्राप्त महिला शिक्षकको नियुक्ती वढी गर्ने । विशेष शिक्षामा मौखिक सुविधा उपकरणको व्यवस्था गर्ने, करीव ६ लाख नीरक्षर प्रौढलाई साक्षर वनाउने लक्ष्य राखियो । | **छैठौं पञ्चवर्षीय योजना**<br>(२०३७/०३८-२०४१/०४२)<br>करिव ९ लाख प्रौढहरुलाई प्रभावकारी रुपमा कार्यमूलक शिक्षा उपलब्ध गराउने र महिलाहरुलाई वढी से वढी शिक्षाको अवसर उपलब्ध गराउने तर्फ विशेष जोड दिइयो । प्रौढ शिक्षा तहमा न्यूनतम शिक्षाको सुविधा व्यापक गराउन निशुल्क शिक्षा तथा निशुल्क पाठ्यपुस्तक उपलब्ध गराइयो । |
| **सातौं पञ्चवर्षीय योजना**<br>(२०४२/०४३-२०४६/०४७)<br>करीव ७.५ लाख प्रौढलाई कार्यमूलक प्रौढ शिक्षा प्रदान गर्ने, महिलाहरुको लागि ५ मुख्य छात्रावास | **आठौं पञ्चवर्षीय योजना**<br>(२०४९/०५०-२०५३/०५४)<br>आठौं योजनाको अन्त्य सम्ममा १४ लाख निरक्षरलाई साक्षर बनाउने, नव साक्षरहरुको लागि |

| | |
|---|---|
| र १३ फिडर छात्रावास निर्माण पूरा गरियो । एक महिला प्राविधिक शिक्षालय सानो ठिमीमा स्थापना भयो । ग्रामीण विकासको लागि चेलीवेटी कक्षा संचालन गरियो । १७१० महिला शिक्षकलाई प्रशिक्षण दिइयो । विद्यालय नगएका, विद्यालय उमेरका छात्राहरुलाई प्राथमिक तहको विशेष शिक्षा कार्यक्रमको शुरुवात गरियो । | साक्षरोत्तर कक्षा संचालन गर्ने र साक्षरता कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा थालनी गरियो । महिला समुदायको लागि जनसंख्या शिक्षाको विशेष कार्यक्रम संचालन गरियो । लैङ्गिक समानताको लागि यस योजनामा महिला शिक्षा भनेर अलग्गै रु. ९,७५,०००/- छुट्याइएको थियो । |
| **नवौ पञ्चवर्षीय योजना**<br>(२०५४/०५५-२०५८/०५९)<br>महिला शसक्तिकरणमा महिला शिक्षाको महत्व वोध गराउनु, महिला शिक्षाको पहुँच तथा विस्तार गर्नु, शिक्षामा महिला सहभागिता वृद्धि गर्नु, महिलाका लागि जीवनोपयोगी शैक्षिक कार्यक्रमहरु संचालन गर्ने, महिला साक्षरता कार्यक्रमलाई अभियानका रुपमा बढाउने, शिक्षा तथा स्वास्थ्यमा महिला रोजगारीलाई प्राथमिकता दिने जस्ता विषयवस्तुहरुमा लक्षित गरिएको थियो । | **दशौं पञ्चवर्षीय योजना**<br>(२०५९/०६०-२०६४/०६५)<br>महिला वर्गको सहभागितामा क्षेत्रगत नीति तथा महिला लक्षित कार्यक्रमको तर्जुमा गर्ने । आयआर्जनमा महिला सहभागिता वृद्धि गर्ने, लैङ्गिक चेतनाको अभिवृद्धि गर्ने तथा महिला उद्यमीलाई सहुलियत तथा प्रोत्साहन पुग्ने कार्यक्रमको व्यवस्था गर्ने । नेतृत्व विकास, सीप विकास तथा क्षमता विकास जस्ता विषयमा महिला संलग्नता गराउने । सबैको लागि शिक्षा सन्दर्भमा महिला तथा अपाङ्गका लागि शिक्षामा पहुँच बढाउन विशेष व्यवस्था गरिने लक्ष्य लिइएको छ । |
| **वाह्रौं त्रिवर्षीय योजना**<br>(२०६७/०६८-२०६९/०७०)<br>सवै वर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै दिगो शान्ति एवं विकासमा महिलाहरुको भूमिकालाई सशक्त बनाउने । महिला विरुद्धका विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसा एवं विभेदको अन्त्य गर्ने । ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाहरुको क्षमता अभिवृद्धि एवं जीवनस्तर सुधारका लागि लक्षित संरक्षणात्मक, सेवामूलक तथा सशक्तीकरणका कार्यक्रमहरु संचालन गर्ने जस्ता लक्ष्य र रणनीति यस योजनाले लिएको देखिन्छ । | |

**स्रोतः वृहद शैक्षिक सामान्य ज्ञान र बाह्रौं त्रिवर्षीय योजना, २०६८**

## अनुसूची ३

# महिला साक्षरता पाठ्यक्रम-२०६१, दोस्रो संस्करण (२०६६)

| विषय क्षेत्र | मुख्य विषयवस्तु |
|---|---|
| १. वातावरण संरक्षण | १. दूषित पानी, खाना र हावाबाट सर्ने रोगहरु<br>२. जनसंख्या ३. वातावरण |
| २. पारिवारिक जीवन | १. परिवार कल्याण २. श्रम समय र शक्ति<br>३. हेरचाह-गर्भावस्था ४. घरमूली<br>५. घरेलु हिंसा |
| ३. आयआर्जन र कृषि | १. आयआर्जन २. आयआर्जनका तरिका<br>३. उद्यमशीलता ४. बैंक र वित्तीय संस्थाहरु<br>५. परियोजना ६. सहयोग गर्ने संघ संस्था |
| ४. नागरिक चेतना | १. महिला नेतृत्व<br>२. चेलीवेटी वेचविखन, दाइजो र तिलक प्रथा<br>३. राष्ट्र प्रेम |
| ५. महिला र विकास | १. परिवार र समुदायमा महिलाको भूमिका<br>२. महिला सक्षमताको लागि सशक्तीकरण<br>३. महिला विकास सम्बन्धि उपलब्ध सेवा र सुविधा |
| ६. संस्कृति र परम्परा | १. धार्मिक परम्परा र सहिष्णुता<br>२. चाडपर्वको सामाजिक महत्व<br>३. कुसंस्कार, क्षति र मितव्ययिता<br>४. महिलाप्रतिको दृष्टिकोण |
| ७. स्वास्थ्य र पोषण | १. दुर्घटना<br>२. स्वास्थ्य ३. किशोरावस्था<br>४. प्रौढ महिलाको प्रजनन् स्वास्थ्य समस्या<br>५. एच्.आई.भी. एड्स<br>६. यौन रोगहरु ७. पोषण |

परिशिष्ट १

## सामाजिक-आर्थिक विकासमा महिला साक्षरताको भूमिका

**त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्वितिय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि शिक्षा शास्त्र संकाय शैक्षिक योजना र व्यवस्थापन विभागलाई सोधपत्रको लागि तयार पारिएको**

### नमूना घरधुरी सर्वेक्षण फाराम

घरधनीको नामः मितिः

जात थरः- गाउँः

मातृभाषाः जिल्लाः

वडा नं.:

परिवार संख्याः महिलाः जना पुरुषः जना जम्माः जना

| क्र.सं. | घर सदस्यको नामावली | जात | धर्म | उमेर | लिङ्ग | वैवाहिक स्थिति | शिक्षा | | | | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | साक्षर | स्कूल | कलेज | निरक्षर | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**सर्वेक्षणकर्ताको नामः सुरजराज अधिकारी सहीः मितिः**

## परिशिष्ट २

# सामाजिक-आर्थिक विकासमा महिला साक्षरताको भूमिका

**त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि शिक्षा शास्त्र संकाय शैक्षिक योजना र व्यवस्थापन विभागलाई प्रस्तुत शोधपत्रको लागि तयार पारिएको**

**सहभागीहरुको लागि प्रश्नावली**

सहभागीको नामः ठेगानाः

उमेरः विवाहित/अविवाहितः मितिः

**उपयुक्त एक उत्तरमा ☑ लगाउनुहोस् ।**

१) साक्षरता अभियान कार्यक्रममा सहभागी हुँदा कस्तो अनुभव भएको छ ?

क) रमाईलो ☐ ख) नरमाइलो ☐ ग) ठिकै ☐ घ) ठिकठिकै ☐

२) यस कक्षामा तपाई कहिले कहिले आउनुहुन्छ ?

क) नियमित ☐ ख) धेरैजसो ☐ ग) कहिलेकाँही ☐ घ) बोलाउँदा ☐

३) तपाईले लेखपढ गर्न कत्तिको जान्नु भएको छ ?

क) राम्ररी ☐ ख) सामान्य ☐ ग) थोरै ☐ घ) नजानेको ☐

४) तपाईको कामलाई यो शिक्षाले कतिको सहयोग गर्छ ?

क) पूर्णतया ☐ ख) धेरैजसो ☐ ग) थोरै ☐ घ) गर्दै गर्दैन ☐

५) तपाईको घरमुलीले यो शिक्षा लिने कार्यमा कत्तिको सहयोग गर्नुहुन्छ ?

क) धेरै ☐ ख) सामान्य ☐ ग) सहयोग माग्दा ☐ घ) असहयोग ☐

६) तपाइको श्रीमान/अभिभावकले कति पढ्नु भएको छ ?

क) साक्षर ☐ ख) नीरक्षर ☐ ग) एस्.एल्.सी. मुनी ☐ घ) एस्.एल्.सी. पास ☐

७) तपाईको श्रीमान/अभिभावकले अर्थोपार्जन कसरी गर्नुहुन्छ ?

क) विदेश गएर ☐ ख) खेतीपाती ☐ ग) नोकरी ☐ घ) व्यापार ☐

८) के तपाईले सीपमूलक र आयआर्जन सम्बन्धि अन्य केही काम गर्नु भएको छ ?

क) गरेकी छु ☐ ख) गरेकी छैन ☐ ग) पाएमा गर्नेछु ☐ घ) सोंच बनाएकी छु ☐

९) तपाइका छोराछोरी/भाइबहिनीहरुले कहाँ पढेका छन् ?

क) बोर्डिङ्गमा ☐ ख) सरकारी स्कूलमा ☐ ग) गाउँ बाहिर ☐ घ) पढेका छैनन् ☐

१०) तपाईले आफ्नो व्यक्तिगत खर्च कहाँवाट पाउनुहुन्छ ?

क) श्रीमान् ☐ ख) आफैं काम गरेर ☐ ग) सासु/ससुरा ☐ घ) अन्य ☐

११) तपाईको श्रीमान/अभिभावकले काममा कत्तिको सघाउनु हुन्छ ?

क) प्रायजसो ☐ ख) सघाउनु हुँदैन ☐ ग) लुकी-लुकी ☐ घ) सहयोग मागेमा ☐

१२) छुवाछुत र भेदभाव प्रथाको तपाईले कतिको विरोध गर्नुहुन्छ ?

क) पूर्ण ☐ ख) समय अनुसार ☐ ग) गर्दिन ☐ घ) मनमनमा ☐

१३) तपाईको विवाह हुँदा तपाई कति वर्ष हुनुहुन्थ्यो ?

क) १६-१८ वर्ष मुनि ☐ ख) १६-१८ वर्ष ☐ ग) १८ वर्ष माथि ☐ घ) विहे भएको छैन ☐

१४) छोरा वा छोरी दुई वटा सम्म सन्तान जन्मिसकेपछि परिवार नियोजन गर्ने कुरामा कतिको सहमत हुनुहुन्छ?

क) पूर्ण सहमत ☐ ख) सहमत ☐ ग) असहमत ☐ घ) पूर्ण असहमत ☐

१५) जनसंख्याको चापले गर्दा बनजंगल नासिदै छन्, पाखा पर्वत र डाँडा काँडामा पहिरो जाँदैछ, पानीका मूल सुक्दैछन् भन्ने कुरासँग कतिको सहमत हुनुहुन्छ ?

क) पूर्ण सहमत ☐ ख) सहमत ☐ ग) असहमत ☐ घ) पूर्ण असहमत ☐

१६) मानौंकी तपाई गर्भवती हुनुहुन्छ भने जन्मने बच्चा के चाहनुहुन्छ ?

क) छोरा ☐ ख) छोरी ☐ ग) जे भएपनि हुन्छ ☐ घ) जुम्ल्याहा छोरा र छोरी ☐

१७) यदि स्थायी/अस्थायी परिवार नियोजन गरेको/गर्ने भए कसले गरेको छ/कसले गर्ने सोंच छ ?

क) श्रीमान ☐ ख) श्रीमती ☐ ग) दुवै ☐ घ) गरेको छैन ☐

१८) तपाईको खेतबारीमा कुन किसिमको मल प्रयोग गरिन्छ ?

क) कम्पोष्ट मल ☐ ख) रसायनिक मल ☐ ग) दुवै ☐ घ) प्रयोग हुँदैन ☐

१९) महिला साक्षरता कक्षामा सहभागी भएपछि तपाई एवं समुदायमा के-कस्ता आर्थिक परिवर्तनहरु आएका छन् ?

२०) महिला साक्षरता, लैङ्गिक समानता र सशक्तिकरणका लागि के-कस्ता प्रयासहरु कसरी गरिरहनु भएको छ ?

२१) साक्षरता कार्यक्रममा सिकेका ज्ञान सीपलाई निरन्तरता दिन के-कस्ता समस्याहरु आइपरेका छन् ?

## परिशिष्ट ३

# सामाजिक-आर्थिक विकासमा महिला साक्षरताको भूमिका

**त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्धितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि शिक्षा शास्त्र संकाय शैक्षिक योजना र व्यवस्थापन विभागलाई प्रस्तुत सोधपत्रको लागि तयार पारिएको**

**सहभागीहरुको लागि अवलोकन फारामः**

सहभागीको नामः ठेगानाः

उमेरः मितिः

विवाहित/अविवाहितः

**उपयुक्त एक उत्तरमा ☑ लगाउनुहोस् ।**

१) सहभागीहरुले लगाउने कपडा कस्ता देखिन्छन् ?

क) अति सफा ☐ ख) सफा ☐ ग) फोहर ☐

२) सहभागीहरुको घर आँगन कस्तो छ ?

क) अति सफा ☐ ख) सफा ☐ ग) फोहर ☐

३) छोराछोरी/भाइबहिनीहरुको शारीरिक सरसफाईको अवस्था कस्तो छ ?

क) अतिराम्रो ☐ ख) राम्रो ☐ ग) नराम्रो ☐

४) छोराछोरी/भाईबहिनीहरु प्रतिको व्यवहार कस्तो छ ?

क) अति राम्रो ☐ ख) राम्रो ☐ ग) नराम्रो ☐

५) घरमा चर्पीको अवस्था कस्तो छ ?

क) अति सफा ☐ ख) सफा ☐ ग) फोहर ☐

६) पिउने पानीको व्यवस्था कस्तो छ ?

क) उमालेर ☐ ख) फिल्टर गरेर ☐ ग) गाग्रीवाट सारेर ☐

७) सहभागी महिलाको व्यक्तिगत सरसफाईको अवस्था कस्तो छ ?

क) अतिसफा ☐ ख) सफा ☐ ग) सामान्य ☐

८) सहभागीहरुले प्रयोग गर्ने गरेको पाठ्य सामाग्रीहरुको जतन स्थिति कस्तो छ ?

क) व्यवस्थित ☐ ख) अव्यवस्थित ☐ ग) अति नराम्रो ☐

९) घर परिवार प्रतिको व्यवहार कस्तो छ ?

क) अति राम्रो ☐ ख ) राम्रो ☐ ग) नराम्रो ☐

१०) घर परिवार समुदायबाट साक्षर महिला प्रति हेरिने दृष्टि कस्तो छ ?

क) अति राम्रो ☐ ख) राम्रो ☐ ग) सामान्य ☐

११) महिलाले महिलालाई गरिने व्यवहार कस्तो छ ?

क) राम्रो ☐ ख) नराम्रो ☐ ग) सामान्य

१२) अन्य स्थानिय संघ संस्था समूहसँगको सम्बन्ध कस्तो छ ?

क) राम्रो ☐ ख) नराम्रो ☐ ग) सामान्य ☐

१३) सहजकर्ता शिक्षकप्रतिको व्यवहार कस्तो छ ?

क) सकारात्मक ☐ ख) नकारात्मक ☐ ग) सामान्य ☐

१४) सामाजिक कार्यमा सहभागीता कस्तो छ ?

क) सक्रिय ☐ ख) निस्क्रिय ☐ ग) सामान्य ☐

१५) सहभागीको घरायसी आर्थिक सामाजिक अवस्था कस्तो छ ?

क) उत्तम ☐ ख) मध्यम ☐ ग) सामान्य ☐

१६) कक्षामा सहभागीको उपस्थिति कस्तो रहेको छ ?

क) नियमित ☐ ख) अनियमित ☐ ग) न्यून ☐

१७) सहभागीहरुले स्थानीय साधन र श्रोतको प्रयोग कसरी गरेका छन् ?

क) राम्रोसँग ☐ ख) सामान्य रुपमा ☐ ग) गरेका छैनन् ☐

१८) सहभागीहरु पढ्न जाँदा छोराछोरी वा भाइबहिनीहरु परिवारको कसले हेर्ने गर्दछन् ?

क) श्रीमान् ☐ ख) सासु-ससुरा ☐ ग) अन्य ☐

१९) सहभागी प्रति स्थानिय समुदायको सोच व्यवहार कस्तो रहेको छ ?

क) सकारात्मक ☐ ख) नकारात्मक ☐ ग) सामान्य ☐

## परिशिष्ट ४

# सामाजिक-आर्थिक विकासमा महिला साक्षरताको भूमिका

**त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्धितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि शिक्षा शास्त्र संकाय शैक्षिक योजना र व्यवस्थापन विभागलाई प्रस्तुत सोधपत्रको लागि तयार पारिएको**

**सहयोगी कार्यकर्ताको लागि प्रश्नावलीः**

नामः जिल्लाः

शैक्षिक योग्यताः गा.वि.स.:

उमेरः वडा नं.:

कार्यक्रमको किसिमः मितिः

१) तपाईले यो कक्षा सहजीकरण/संचालन गर्नु भएको कति महिना भयो ?

२) यो कार्यक्रम संचालनको लागि कुन किसिमको तालीम वा गोष्ठीमा कति दिन सामेल हुनु भएको छ ?

३) तपाईको कक्षामा कति जना महिलाहरु सहभागी भएका छन् ?

४) ती सहभागीहरु कत्तिको नियमित छन् ?

क) पूर्णतया ☐ ख) धेरै जसो ☐ ग) केही मात्र ☐ घ) कोहि छैनन् ☐

५) यदि सहभागीहरु बढी नियमित छन्/बढी नियमित छैनन् भने त्यसको कारण के-के होलान्?

६) सहभागीको नियमितता वढाउन के-के उपाय गर्नुभयो वा के-के उपाय गरे बेस होला ?

७) यस कार्यक्रमको निरीक्षण गर्न आउने व्यवस्था छ कि छैन ?

८) यस कार्यक्रम पुरा गरेका सहभागीहरु के-के गर्न सक्छन् ?

९) यस कार्यक्रममा यस वडाका सवै निरक्षर महिलाहरु सहभागी भएका छन् ?

१०) यदि छैनन् भने त्यसको कारणहरु के-के होलान् ?

११) सहभागी महिलाहरुले के कस्ता विषयवस्तुहरुमा विशेष चाख राखेको पाइयो ?

१२) यस कार्यक्रममा सहभागी भएका महिलाहरुका समस्याहरु के के छन् ?

१३) माथि उल्लेखित समस्याहरु समाधान गर्न के-के उपायहरु गर्न सकिन्छ ?

१४) यो कार्यक्रम संचालनमा तपाईलाई परेका समस्याहरु र समाधानका उपायहरु के-के हुन् ?

१५) महिला साक्षरता लैङ्गिक समानता र सशक्तिकरणको लागि के कस्तो प्रयासहरु भएको पाउनुभयो ?

१६) सिंगो समुदायमा के-के आर्थिक परिवर्तन पाउनु भएको छ ?

१७) सिंगो समुदायमा के-के सामाजिक परिवर्तन पाउनु भएको छ ?

१८) यस वडाको महिलाहरुको लैङ्गिक अवस्थाको बारेमा के-के थाहा पाउनु भएको छ ?

१९) सामुदायिक विकास कार्यमा महिलाको सहभागीता के कस्तो, कसरी रहेको छ ?

२०) अन्य संघसंस्था, समुदाय, गा.वि.स. र स्थानिय विद्यालय आदिवाट के कस्तो सहयोग कहाँ कहाँवाट पाउनुभयो ?

२१) समुदायबाट महिलाहरु प्रति हेरिने दृष्टिकोण के कस्तो छ ?

२२) साक्षरता अभियानलाई पूर्ण सफलतामा पुऱ्याउन के के सुझावहरु दिनुहुन्छ ?

## परिशिष्ट ५

# सामाजिक-आर्थिक विकासमा महिला साक्षरताको भूमिका

**त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्धितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि शिक्षा शास्त्र संकाय शैक्षिक योजना र व्यवस्थापन विभागलाई प्रस्तुत सोधपत्रको लागि तयार पारिएको**

**सहयोगी निरीक्षकको लागि प्रश्नावलीः**

निरिक्षकको नामः जिल्लाः

ठेगानाः मितिः

१) तपाई निरीक्षकको रुपमा कसरी छनौट हुनु भयो ?

क) प्रतिष्पर्धाबाट ☐ ख) सोर्स फोर्सवाट ☐

२) तपाइको कार्य क्षेत्रमा कति ठाउँमा साक्षरता कक्षा संचालन भएका छन् ?

३) यस कार्यक्रममा महिलाहरुको सहभागिता कस्तो पाउनु भयो ?

क) सन्तोषजनक ☐ ख) असन्तोषजनक ☐

४) यदि महिला सहभागिता सन्तोषजनक छैन भने त्यसको निराकरणको लागि कुन-कुन उपायहरु अपनाउनु भएको छ ? कुन-कुन उपाय अपनाउनु उपयूक्त होला ?

५) कार्यक्रमको महिनामा कति पटक निरीक्षण गर्नुहुन्छ ?

६) कक्षा निरिक्षणको क्रममा के-कस्ता समस्या आए र त्यस समस्याको समाधान कसरी गर्नु भयो ?

७) साक्षरताको कक्षा संचालन पश्चात् सहभागी महिलाहरु एवं समुदायहरुमा के-कस्ता आर्थिक परिवर्तनहरु पाउनु भयो ?

८) साक्षरतको कक्षा संचालन पश्चात् सहभागीहरुले सामाजिक परिवर्तनमा कस्तो भूमिका खेलेको पाउनु भएको छ ?

९) सहभागी साक्षर महिलाहरुले अफूले जानेको ज्ञान, सीप के-कति व्यवहारमा ल्याएको महसुस गर्नु भएको छ ?

परिशिष्ट ६

## सामाजिक-आर्थिक विकासमा महिला साक्षरताको भूमिका

**त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्धितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि शिक्षा शास्त्र संकाय शैक्षिक योजना र व्यवस्थापन विभागलाई प्रस्तुत सोधपत्रको लागि तयार पारिएको**

**महिला साक्षरता अभियान**

**कक्षा व्यवस्थापन**

**अवलोकन फाराम**

उपस्थिति संख्याः मितिः

अवलोकनकर्ताको नामः

१) कक्षा कोठाको अवस्था

क) सिमेन्टको घर ☐ ख) ढुङ्गामाटाको घर ☐ ग) माटोको भुँई ☐

२) बस्ने व्यवस्था

क) सुकुल ☐ ख) डेक्स बेन्च ☐ ग) अन्य ☐

३) शैक्षिक सामग्रीको अवस्था

क) प्रयाप्त ☐ ख) अप्रयाप्त ☐

४) शैक्षिक सामग्रीको प्रयोग

क) सधैं भएको ☐ ख) आवश्यक मात्रामा भएको ☐ ग) नभएको ☐

५) अध्यापन विधि

क) सहभागीतात्मक छलफल ☐ ख) व्याख्यान ☐ ग) प्रश्नोत्तर ☐

६) पिउने पानीको व्यवस्था

क) राम्रो ☐ ख) नराम्रो ☐ ग) छैन ☐

७) शौचालयको व्यवस्था

क) व्यवस्थित ☐ ख) अव्यवस्थित ☐ ग) नभएको ☐

८) अभिलेख फाईल/रजिष्ट्रको व्यवस्था

क) व्यवस्थित ☐ ख) अव्यवस्थित ☐ ग) नभएको

९) स्थानिय साधन र स्रोतको प्रयोग

क) भएको ☐ ख) नभएको ☐ ग) आंशिक भएको ☐

१०) सहयोगी शिक्षकको बानी व्यहोरा

क) अतिराम्रो ☐ ख) राम्रो ☐ ग) ठिकै ☐

११) सहयोगी शिक्षकको उपस्थिति

क) नियमित ☐ ख) अनियमित ☐ ग) नभएको ☐

१२) सहयोगी निरीक्षकको उपस्थिति


क) हप्ता-हप्ता ☐ ख) महिना-महिना ☐ ग) कार्यक्रमको शुरु र अन्तमा

१३) कक्षाकोठामा सहभागीको उपस्थिती

क) नियमित ☐ ख) अनियमित ☐ ग) नभएको

१४) अन्य सन्दर्भ पुस्तक तथा पत्रपत्रिकाको प्रयोग

क) अध्ययन गरेको ☐ ख) कहिलेकाँही अध्ययन गरेको ☐ ग) गर्दै नगरेको


SINDHULI DISTRICT
N
5113
5950
4681
4417
2909
3346
2326
2909
Bastipur
2298
Majhuwa
2708
4005
Harharpurgadhi
2874
4591
Bhadrakali
1915
2650
3331
1794
10062
Kapilakot
7487
5130
Mahendrajhyadi
6197
Mahadevsthan
4851
4580
Tinkanya
1874
2931
2255
2708
2256
8849
Kalpabriksha
9592
Kyaneshwor
32838
Kamalamai N. P
8881
Ranichuri
2008
4203
2724
Ratnawati
5773
Bhimasthan
2999
3007
3846
Mahadevdanda
3844
Belghari
7145
5259
3562
4997
अनुसन्धान क्षेत्र
5119
7510
Hatpate
5276
5143
3523
7440
Sirthauli
4335
7735
Dudhauli
7382
Ladabir
8907